# नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

# Innovative Local Economic Development (ILED) Programme Operation Procedures, 2023

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं।
२०८०

## **नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०**

कार्यविधि स्वीकृति मितिः २०८०।०५।३१

**<u>प्रस्तावनाः</u>**

नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकासको माध्यमबाट स्थानीय क्षेत्रमा समावेशी, जलवायु अनुकूलन र दिगो आर्थिक विकासलाई प्रवर्द्धन गर्न, उत्पादन र उत्पादकत्व बृद्धि गरी स्थानीय उद्यमशीलता अभिबृद्धि गर्न एवम् रोजगारी र आय बृद्धि गर्न निजी क्षेत्र, सामुदायिक क्षेत्र तथा सहकारी क्षेत्रलाई अधिकतम परिचालन गर्दै स्थानीय आर्थिक समृद्धि हासिल गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

### **परिच्छेद -१**

### **<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस कार्यविधिको नाम "**नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आवेदक/प्रस्तावक"** भन्नाले यस कार्यविधि बमोजिम परियोजना प्रस्ताव पेश गर्ने लाभग्राही व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यविधि"** भन्नाले नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले स्थानीय तहको कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ङ) **"नवप्रवर्तन"** भन्नाले स्थानीय आर्थिक विकासको क्षेत्रमा नवीनतम सोंच, नवीनतम अवधारणा, नवीनतम लगानीको ढाँचा र नवीनतम प्रविधिको माध्यमबाट भिन्न तवरले गरिने उद्यमशीलता, सीप विकास, वस्तु तथा सेवाको उत्पादन तथा वितरण सम्बन्धी कार्यलाई सम्झनु पर्छ। यस शब्दले आर्थिक सशक्तीकरण, सीप विकास, उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन, आर्थिक विकास पूर्वाधार निर्माण, विशिष्टिकृत वस्तुको उत्पादन लगायतका स्थानीय आर्थिक विकासमा योगदान दिने नयाँ प्रविधि, नयाँ ज्ञान, विधि, तौरतरिका, सीप, अवधारणा र सिर्जनशील आर्थिक क्रियाकलापलाई समेत जनाउँछ।

(च) **“प्रवर्द्धन समिति”** भन्नाले दफा ५२ बमोजिम गठन हुने स्थानीय आर्थिक विकास प्रवर्द्धन समिति सम्झनु पर्छ ।

(छ) **"प्रस्ताव"** भन्नाले यस कार्यविधि बमोजिम पेश गरिने परियोजनाको विवरण सहितको प्रस्तावलाई सम्झनु पर्छ।

(ज) **“प्राविधिक समिति”** भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन, व्यवस्थापन र प्रस्तावित परियोजनाको मूल्याङ्कन लगायतका कामको लागि दफा ५३ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(झ) **"परियोजना अनुदान"** भन्नाले यस कार्यविधि बमोजिम परियोजना सञ्चालन गर्न कार्यक्रमबाट उपलब्ध गराइने समपूरक रकमलाई सम्झनुपर्छ।

(ञ) **“मन्त्रालय”** भन्नाले संघीय मामिला तथा सामान्य प्रसासन मन्त्रालयलाई जनाउनेछ।

(ट) **"लागत सहभागिता"** भन्नाले यस कार्यविधि बमोजिम नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रमबाट अनुदान प्राप्त गर्ने स्थानीय तहले व्यहोर्नु पर्ने कूल परियोजना लागतको निश्चित प्रतिशत लागत सहभागितालाई सम्झनु पर्छ। सो शब्दले यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्ने आवेदकले व्यहोर्नु पर्ने लागत सहभागितालाई समेत जनाउँछ।

(ठ) **“लाभग्राही”** भन्नाले कार्यक्रमबाट परियोजना सञ्चालन गरी प्रत्यक्ष रुपमा लाभ पाप्त गर्न इच्छुक आवेदक व्यक्ति, समूह तथा संस्थालाई सम्झनु पर्छ।

(ड) **“विशिष्टिकृत वस्तु”** भन्नाले स्वदेशी कच्चा पदार्थमा आधारित परम्परागत रुपमा उत्पादन भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित भएका वा भविष्यमा स्थापित हुन सक्ने संभावना रहेका विशेष र मौलिक उत्पादनलाई सम्झनु पर्छ।

(ढ) **"स्थानीय आर्थिक विकास"** भन्नाले स्थानीय तहमा आर्थिक सशक्तीकरण, सीप विकास, उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन, विशिष्टीकृत वस्तु उत्पादन र आर्थिक

विकास पूर्वाधार निर्माणको माध्यमबाट उत्पादन र रोजगारी बृद्धि गरी स्थानीय बासिन्दाको आर्थिक स्तर बढाउने कार्यलाई सम्झनु पर्छ।

(ण) **"स्थानीय आर्थिक विकास पूर्वाधार"** भन्नाले स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रत्यक्ष योगदान पुर्‍याउने विकास निर्माणसँग सम्बन्धित पूर्वाधार सम्झनु पर्छ ।

(त) **"स्थानीय तह"** भन्नाले गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ ।

(थ) **"संस्था"** भन्नाले स्थानीयस्तरमा विकासको क्षेत्र वा सामुदायिक क्षेत्र वा उद्योग वाणिज्यको क्षेत्रमा क्रियाशील संघसंस्थालाई सम्झनु पर्छ ।

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यविधिको अधिनमा रही कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) स्थानीय क्षेत्रमा आर्थिक समृद्धि हासिल गर्नु,

(ख) स्थानीय क्षेत्रमा उत्पादन र उत्पादकत्व बृद्धि गर्नु,

(ग) स्थानीय क्षेत्रमा उद्यमशीलता प्रवर्द्धन गरी रोजगारी र आय बृद्धि गर्नु,

(घ) नवप्रवर्तनलाई अवलम्बन गरी समावेशी, जलवायु अनुकूलन र दिगो आर्थिक विकास हासिल गर्नु,

(ङ) उपलव्ध स्रोत साधनलाई निजीक्षेत्र, सामुदायिक तथा सहकारी क्षेत्रको सहभागितामा स्थानीय आर्थिक विकासमा परिचालन गर्नु ।

४. **कार्यक्रमको कार्यक्षेत्रः**

(१) नवप्रवर्तनमा आधारित स्थानीय उत्पादन, उद्यमशीलता विकास र रोजगारी बृद्धिको माध्यमबाट आर्थिक समृद्धि हाँसिल गर्न कार्यक्रमको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-

(क) स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण,

(ख) आर्थिक सशक्तीकरण तथा व्यवसाय विकास,

(ग) सीप विकास तालिम,

(घ) उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन,

(ङ) विशिष्टीकृत वस्तु उत्पादन तथा बजारीकरण ।

## परिच्छेद -२

## कार्यक्रमको प्रारम्भिक तयारी सम्बन्धी व्यवस्था

**५. स्थानीय आर्थिक विकासको स्थितिपत्र (प्रोफाइल) तयार गर्ने:**

(१) यस कार्यविधि बमोजिम स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गर्न समग्र उत्पादन, आर्थिक क्रियाकलाप, रोजगारीको अवस्था तथा विविध आर्थिक सम्भावना लगायतका विषय समावेश गरी अनुसूची-१ बमोजिमको ढाँचामा स्थानीय आर्थिक विकासको प्रोफाइल तयार गर्नु पर्नेछ।

(२) स्थानीय तहले यस अघि अन्य प्रयोजनका लागि तयार गरेको विवरणमा अनुसूची-१ बमोजिमको विवरण समावेश भएको रहेछ भने सो विवरण समेत प्रयोग गर्न सकिनेछ।

**६. स्थानीय आर्थिक विकास योजनाको निर्माण गर्ने:**

(१) स्थानीय तहले आफ्नो आवधिक योजनाको भागको रूपमा स्थानीय आर्थिक विकास योजना तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानीय आर्थिक विकास योजनाको स्वीकृति प्रवर्द्धन समितिको सिफारिसमा कार्यपालिकाबाट गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको योजना तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को पालना गर्नुपर्नेछ।

(४) स्थानीय आर्थिक विकास योजना अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

**७. स्थानीय आर्थिक विकासको वार्षिक सर्वेक्षण गर्ने:**

(१) स्थानीय तहले प्रत्येक आर्थिक वर्षको वैशाख मसान्तभित्र स्थानीय आर्थिक विकास सर्वेक्षण तयार गरी प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानीय आर्थिक विकास सर्वेक्षण प्रतिवेदनमा अनुसूची-३ बमोजिमका विवरण समावेश गर्नुपर्नेछ ।

**८. स्थानीय आर्थिक विकासको मूल्याङ्कन गर्ने:**

(१) स्थानीय तहले स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ बमोजिम जिल्ला समन्वय समिति मार्फत स्थानीय आर्थिक विकासको मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) जिल्ला समन्वय समितिबाट प्राप्त मूल्याङ्कन प्रतिवेदन प्रवर्द्धन समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहले स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि अनुसार आर्थिक वर्ष २०७९/८० को स्वमूल्याङ्कन गरी नतिजा सार्वजनिक गर्नुपर्नेछ ।

(४) स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ अनुसारका सूचक अनुसूची-४ बमोजिम हुनेछन् ।

९. **स्थानीय आर्थिक विकासको वार्षिक कार्यक्रम तयार गर्नेः**

(१) स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा स्थानीय आर्थिक विकासको वार्षिक कार्यक्रम समेत समावेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम वार्षिक कार्यक्रम तयार गर्दा सहभागितामूलक पद्धति अपनाई स्थानीय तहभित्रका प्रतिस्पर्धी लाभका क्षेत्र पहिचान गरी परियोजना सूची तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको परियोजना सूची निर्माण गर्दा स्थानीय आर्थिक विकास मूल्याङ्कनका सूचकका विषयलाई समेत समावेश गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम तयार गरिएको स्थानीय आर्थिक विकासको वार्षिक योजना र कार्यक्रम मन्त्रालय, कार्यक्रममा साझेदारी गर्ने प्रदेश र साझेदार निकाय लगायतमा पठाउनु पर्नेछ ।

१०. **स्थानीय आर्थिक विकास कार्यक्रम नवप्रवर्तनमा आधारित हुनुपर्नेः** यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रम नवप्रवर्तनमा आधारित हुनुपर्नेछ र त्यस्ता कार्यक्रमले निम्न पक्षलाई समेत जोड दिनु पर्नेछ ।

(क) नवप्रवर्तन र ज्ञान व्यवस्थापनका लागि गरिने खोज तथा अनुसन्धान गर्ने,

(ख) नवप्रवर्तनमा आधारित क्रियाकलापका लागि लगानी गर्ने,

(ग) प्रविधिको विकास र उपयोग गर्ने ।

## परिच्छेद- ३

# स्थानीय आर्थिक विकास पूर्वाधार

**११. आधारभूत पूर्वाधारको निर्माण :**

(१) स्थानीय तहले दफा ४ मा उल्लिखित कार्यक्रमलाई प्रत्यक्ष सहयोग पुग्ने गरी आर्थिक विकास पूर्वाधारको निर्माण गर्नुपर्नेछ।

(२) यस कार्यक्रम अन्तर्गत स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न स्थानीय उत्पादनको खरिद बिक्री केन्द्र, बजार केन्द्र, हाट बजार, संकलन तथा भण्डारण केन्द्र र प्रशोधन केन्द्रको निर्माण, स्तरोन्नति तथा पहुँच विस्तार सम्बन्धि परियोजनाको छनोट तथा कार्यान्वयन गर्नुपर्नेछ ।

(३) कार्यालयले विशिष्टीकृत बस्तु उत्पादन, प्याकेजिङ्, लेवलिङ् र ब्रान्डिङ् लगायतका कार्यका लागि सामूहिक रुपमा प्रयोग गर्ने गरी आवश्यक यन्त्र उपकरण तथा पूर्वाधारको निर्माण तथा उपयोगको व्यवस्था गर्न सक्नेछ ।

(४) स्थानीय उत्पादनलाई मूल्य-श्रृङ्खलामा आबद्ध गरी बजार प्रवर्द्धन गर्न आवश्यक यन्त्र उपकरण एवम् सूचना तथा सञ्चार प्रविधि सम्बन्धी पूर्वाधारका परियोजना छनोट गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(५) आर्थिक विकास पूर्वाधार निर्माणसम्बन्धी परियोजनाको छनोट सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्वन गरी प्रवर्द्धन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

**१२. परियोजना छनोट तथा कार्यान्वयनः**

(१) आर्थिक विकास पूर्वाधारको निर्माणसम्बन्धी परियोजना छनोट दफा ११ र अनुसूची-५ मा उल्लिखित सूची बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छनोट भएका परियोजनाको कार्यान्वयन सम्बन्धित कार्यालयले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(३) दुई वा सो भन्दा बढी स्थानीय तह मिलेर पारस्परिक लाभको क्षेत्रमा साझेदारी गरी आर्थिक विकास पूर्वाधार निर्माण गर्न सक्नेछन् ।

**१३. उत्पादनको बजारीकरण प्रवर्द्धनका लागि पूर्वाधारको निर्माण तथा सहजीकरणः** स्थानीय उत्पादकबाट उत्पादित वस्तु तथा सेवाको प्रवर्द्धनका लागि स्थानीय सरकारले देहाय बमोजिम पूर्वाधार निर्माण तथा सहजीकरण गर्नेछ ।

(क) स्थानीय स्तरमा वस्तु संकलन केन्द्र तथा खरिद-बिक्री कक्ष स्थापना वा सञ्चालन कार्यमा सहजीकरण गर्ने,

(ख) स्थानीय हाट बजार स्थापना एवं सञ्चालनमा सहजीकरण गर्ने,

(ग) उत्पादित वस्तुको बजारीकरणमा सहयोग वा समन्वय र सहजीकरण गर्ने,

(घ) स्थानीय उत्पादित वस्तुको प्रवर्द्धनका लागि यस कार्यक्रम अन्तर्गत आर्थिक विकास पूर्वाधार निर्माण कार्य गर्न सक्ने,

(ङ) उत्पादनमा आधारित अनुदानका लागि आवश्यक व्यवस्था मिलाउने ।

## परिच्छेद - ४

## <u>आर्थिक सशक्तीकरण तथा व्यवसाय विकास कार्यक्रम</u>

१४. **<u>आर्थिक सचेतना कक्षा सञ्चालन गर्नुपर्ने:</u>** स्थानीय तहले आर्थिक सशक्तीकरण तथा व्यवसाय विकास कार्यक्रम सञ्चालन गर्नुपूर्व देहायबमोजिम आर्थिक सचेतना कक्षा सञ्चालन गर्नु पर्नेछ ।

(क) आर्थिक सशक्तीकरण तथा व्यवसाय विकास सञ्चालन हुने टोल/वस्तीमा सम्बन्धित वडा कार्यालयले इच्छुक स्थानीय समुदायको लागि स्थानीय सामुदायिक संस्था एवम् सहकारी तथा निजी क्षेत्रको सहकार्यमा आर्थिक सचेतना कक्षा सञ्चालन गर्नुपर्नेछ ।

(ख) आर्थिक सचेतना कक्षा सञ्चालन गर्दा वित्तीय साक्षरता, स्थानीय आर्थिक विकासका क्षेत्र, कानूनी तथा नीतिगत प्रावधान, व्यवसायको किसिम, उत्पादनको स्थिति, बजार पहुँच, बजारीकरण, मूल्य श्रृङ्खला लगायतका विषय समावेश गर्नुपर्नेछ ।

(ग) कार्यालयले स्थानीय तहमा आर्थिक सचेतना कक्षा सञ्चालन गर्न सहजकर्ताको रुपमा कम्तिमा ३ दिनको प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्नु पर्नेछ ।

(घ) वडा कार्यालयले आर्थिक सचेतना कक्षा सञ्चालन गर्न उद्यम विकास सहजकर्ता र कार्यालयबाट प्रशिक्षक प्रशिक्षण लिएका व्यक्ति वा कर्मचारीलाई परिचालन गर्नेछ ।

(ङ) वडा कार्यालयले स्थानीय टोल तथा वस्तिमा क्रियाशील विकास संस्था, सहकारी तथा सामुदायिक संस्थासँगको सहकार्य र समन्वयमा प्रतिकक्षा २० देखि २५ जना सहभागी रहने गरी आर्थिक सचेतना कक्षा सञ्चालन गर्नु पर्नेछ ।

(च) खण्ड (ङ) बमोजिमको आर्थिक सचेतना कक्षा अनुसूची-६ बमोजिमको विस्तृत पाठ्यक्रम समावेश गरी स्थानीय अनुकूलताका आधारमा प्रतिदिन ३ देखि ६ घण्टाको दरले ५ देखि १० दिनमा कम्तिमा ३० घण्टा सञ्चालन गर्नु पर्नेछ ।

(छ) कार्यालयले सचेतना कक्षा सञ्चालनका लागि आवश्यक पर्ने तालिम सामग्री तथा व्यवस्थापकीय खर्च वडा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(ज) आर्थिक सशक्तीकरण तथा व्यवसाय विकास कार्यक्रम अन्तर्गतको परियोजनामा भाग लिन चाहने लाभग्राहीले आर्थिक सचेतना कक्षामा अनिवार्य रुपमा भाग लिनु पर्नेछ ।

**१५. प्रतिस्पर्धी लाभका क्षेत्र निर्धारण गर्नुपर्ने:**

(१) कार्यालयले आर्थिक सशक्तीकरण तथा व्यवसाय विकास कार्यक्रम सञ्चालनका लागि सहभागितामूलक पद्धतिबाट प्रतिस्पर्धी लाभका क्षेत्र पहिचान एवम् निर्धारण गरी सूचीकृत गर्नुपर्नेछ ।

(२) यस दफा बमोजिम प्रतिस्पर्धी लाभको क्षेत्र पहिचान एवम् निर्धारण गर्दा अनुसूची-७ को परियोजना सूचीलाई आधारको रुपमा लिन सकिनेछ ।

**१६. उद्यम विकास समूह गठन गर्न सकिने:**

(१) वडा कार्यालयले आर्थिक सचेतना कक्षा लिएका व्यक्ति मध्येबाट निर्धारित प्रतिस्पर्धी लाभका क्षेत्र अन्तर्गत एउटै प्रकृतिको परियोजनामा काम गर्न इच्छुक ३ देखि ७ जना सम्म सदस्य रहेको उद्यम विकास समूह गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समूहलाई वडा कार्यालयमा सूचीकृत गर्नु पर्नेछ ।

**१७. उद्यम विकास समूहको जिम्मेवारी:** दफा १६ बमोजिम गठन हुने उद्यम विकास समूहको जिम्मेवारी देहायबमोजिम हुनेछः

(क) यस कार्यक्रम अन्तर्गत समूहका सदस्यलाई प्राप्त हुने अनुदानका लागि सामुहिक जमानी बस्ने,

(ख) सदस्यबाट परियोजना प्रस्ताव सङ्कलन गरी वडा कार्यालयमा पेश गर्ने,

(ग) समूहका सदस्यबाट सञ्चालन भएका गतिविधिको प्रतिवेदन नियमित रूपमा वडा कार्यालयमा पेश गर्ने,

(घ) समूहका सदस्यलाई परियोजना सञ्चालन गर्न सहजीकरण गर्ने ।

**१८. व्यवसायको विवरण तयार गर्नुपर्ने:** कार्यालयले कार्यक्रम सञ्चालनका लागि स्थानीय क्षेत्रभित्र सञ्चालनमा आएका व्यवसाय वा सञ्चालन गर्न सकिने प्रतिस्पर्धी लाभ भएका संभावित व्यवसायको पहिचान गरी विवरण तयार गर्नुपर्नेछ ।

**१९. आर्थिक सशक्तीकरण तथा व्यवसाय विकास कार्यक्रम सञ्चालन प्रक्रिया:**

(१) कार्यालयले आर्थिक सचेतना कक्षा लिएका व्यक्तिलाई लक्षित गरी आर्थिक सशक्तीकरण तथा व्यवसाय विकास कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) यस दफा बमोजिम सञ्चालन हुने व्यवसायको पहिचान एवं निर्धारण गर्दा अनुसूची-७ बमोजिमका परियोजना सूचीलाई आधारको रुपमा लिन सकिनेछ ।

(३) कार्यक्रम सञ्चालनका लागि कार्यालयले कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।

(४) प्रस्ताव पेश गर्ने व्यक्तिको योग्यता देहाय बमोजिम हुनुपर्नेछः

(क) गाउँपालिका तथा नगरपालिका भित्रको स्थायी बासिन्दा,

(ख) गाउँपालिका तथा नगरपालिकाबाट सञ्चालित आर्थिक सचेतना कक्षा लिएको वा कार्यक्रमबाट सञ्चालित वा मान्यता प्राप्त निकायबाट सीप विकास सम्बन्धी कुनै तालिम लिएको,

(ग) व्यवसाय गरिरहेको तर नयाँ व्यवसाय गर्न इच्छुक भएमा स्थानीय तहको व्यवसाय करको दायरामा आएको,

(५) दफा १५ बमोजिम सूचीकृत क्षेत्र अन्तर्गत रही अनुसूची-८ बमोजिम परियोजना प्रस्ताव वडा कार्यालयमा पेश गर्नु पर्नेछ । प्रस्ताव स्वीकृत भएमा कूल लागतको कम्तिमा १५% रकम लागत सहभागिता व्यहोर्ने र कम्तिमा ३ वर्ष निरन्तरता दिने प्रतिवद्धतापत्र समेत पेश गर्नु पर्नेछ ।

(६) वडा कार्यालयले प्रक्रिया पूरा गरी प्राप्त भएका प्रस्तावहरू कार्यालयमा पेश गर्नु पर्नेछ ।

(७) कार्यालयमा प्राप्त भएका प्रस्तावलाई प्राविधिक समितिले अनुसूची-९ बमोजिम मूल्याङ्कन गरी प्रस्तावहरुको संक्षिप्त सूची प्रकाशन गर्नुपर्नेछ ।

(८) प्राविधिक समितिले उपदफा (५) बमोजिमको सूचीमा परेका प्रस्ताव प्रस्तुतीकरण गर्न लगाई सो समेतको आधारमा उपयुक्त देखिएको प्रस्ताव स्वीकृतिको लागि कार्यपालिकाको बैठकमा पेश गर्नेछ ।

(९) स्वीकृत परियोजना कार्यान्वयन गर्न कार्यालयले प्रस्तावकसँग नतिजामूलक सम्झौता गर्नु पर्नेछ ।

(१०) कार्यालयले स्वीकृत प्रस्तावलाई न्युनतम २ लाख देखि ५ लाख रुपैयासम्म बीउ पूँजी अनुदान प्रदान गर्न सक्नेछ ।

(११) बीउ पूँजी अनुदानको रकम दुई किस्तामा उपलब्ध गराइनेछ। प्रस्तावकले लागत सहभागिताको रकमबाट परियोजनाको कार्य आरम्भ गरेपछि पहिलो किस्ता रकम अधिकतम ५०% सम्म र परियोजनाको कार्य प्रगतिको आधारमा अन्तिम किस्ताको रकम उपलब्ध गराउनु पर्नेछ ।

(१२) स्वीकृत परियोजना प्रस्ताव एक आर्थिक वर्षभित्र कार्यान्वयन गरी सक्नु पर्नेछ ।

२०. **युवाहरुको नवप्रवर्तनमा आधारित व्यवसाय सम्मलेन आयोजनाः**

(१) स्थानीय तहले नवप्रवर्तनमा आधारित नयाँ व्यवसाय गर्न ईच्छुक स्थानीय युवालाई लक्षित गरी वार्षिक रुपमा युवाहरुको व्यवसाय सम्मेलन आयोजना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्मेलनका लागि प्रवर्द्धन समितिले निजी क्षेत्र, स्थानीय प्राविधिक शिक्षालय, विश्वविद्यालय, गैर सरकारी संस्था, व्यावसायिक प्रतिष्ठित व्यक्ति वा संस्था समेतको समन्वय तथा सहकार्यमा विश्वविद्यालय वा प्राविधिक शिक्षालयमा अध्ययनरत वा अध्ययन पुरा गरेका युवालाई व्यवसायमा आकर्षण गर्न युवाहरुको व्यवसाय सम्मेलन (विजिनेश स्टार्ट अप कन्फरेन्स) आयोजना गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सम्मेलनमा नवप्रवर्तनमा आधारित व्यावसायिक प्रस्ताव प्रस्तुति गर्न लगाउन सकिनेछ ।

(४) प्रस्तुतिको आधारमा प्रवर्द्धन समितिले उत्कृष्ट ठहऱ्याएका बढीमा ५ वटा प्रस्तावलाई नयाँ व्यवसाय सञ्चालन गर्ने गरी कार्यक्रमबाट अनुदान उपलब्ध गराउने स्वीकृतिका लागि कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

२१. <u>नवप्रवर्तनमा आधारित व्यवसाय बीउ पूँजी उपलब्ध गराइनेः</u>

(१) नवप्रवर्तनमा आधारित व्यवसाय शुरुवात गर्नका लागि दफा १९ बमोजिमको सम्मेलनबाट सिफारिस भई आएका प्रस्तावहरूलाई कार्यपालिकाले प्रति प्रस्ताव बढीमा रू.२ लाख सम्म बीउ पूँजी स्वरुप अनुदान उपलब्ध गराउनेछ ।

(२) बीउ पूँजी अनुदान प्राप्त गर्न देहायका शर्त पूरा गर्नु पर्नेछः

(क) प्रस्तावित परियोजनाको कम्तिमा १५% रकम लागत सहभागिता गर्ने प्रतिबद्धता जनाएको,

(ख) स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र पेश गरेको,

(ग) कम्तिमा ३ वर्षसम्म उक्त व्यवसायलाई निरन्तरता दिने प्रतिवद्धता पेश गरेको,

(घ) प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने अन्य शर्त पुरा भएको ।

## परिच्छेद - ५

## सीप विकास तालिम कार्यक्रम

२२. **स्थानीय स्तरमा उपयोगी सीपको विवरण तयार गर्ने:** स्थानीय तहले स्थानीय स्तरमा उपयोगी सीपको विवरण देहायबमोजिम तयार गर्नुपर्नेछः

(क) सीप विकास कार्यक्रम सञ्चालन गर्नुअघि आफ्नो क्षेत्रभित्र अभ्यास भएका सीप, सोको प्रयोगको अवस्था, स्थानीय स्तरमा आवश्यक सीप तथा सीपयुक्त जनशक्ति उपलब्धताको विवरण तयार गर्नु पर्नेछ ।

(ख) सीप विकास तालिम कार्यक्रमका लागि सहभागितामूलक पद्धतिबाट प्रतिस्पर्धी लाभका सम्भाव्य क्षेत्र पहिचान एवं निर्धारण गरी सोही क्षेत्र अन्तर्गत तालिमका विषयबस्तु सूचीकृत गर्नुपर्नेछ। सोको लागि अनुसूची-१० मा उल्लेख गरिएका विषयलाई आधारको रुपमा लिन सकिनेछ ।

(ग) खण्ड (क) बमोजिमको विवरण तयार गर्दा आफ्नो तहभित्र सीपको उपयोग गर्ने सम्भावित संघ संस्थाको विवरण समेत सङ्कलन गर्नु पर्नेछ ।

(घ) खण्ड (क) बमोजिमको विवरण अनुसूची -११ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२३. **छनोट प्रक्रियाः** सीप विकास तालिम कार्यक्रमको लागि सहभागीहरुको छनोट देहायबमोजिम गर्नुपर्नेछः

(क) सीप विकास तालिम कार्यक्रममा सहभागिताका लागि कार्यालयले १५ दिनको समय तोकी कार्यालय र वडा कार्यालयको सूचनापाटी एवं वेबसाइट मार्फत इच्छुक व्यक्तिलाई अनुसूची-१२ को ढाँचामा आवेदन पेश गर्न सार्वजनिक सूचना आव्हान गर्नु पर्नेछ ।

(ख) प्राविधिक समितिले कार्यालयमा प्राप्त भएका आवेदनहरु अनुसूची-१३ बमोजिम मूल्याङ्कन गरी स्वीकृतिको लागि कार्यपालिकाको बैठकमा पेश गर्नेछ ।

(ग) यस दफा बमोजिम स्थानीय तहले सञ्चालन गर्ने सीप विकास तालिम सम्बन्धी विषय दफा २२ को खण्ड (ख) बमोजिम हुनेछन् ।

(घ) सीप विकास तालिम कार्यक्रममा भाग लिने सहभागी साक्षर हुनु पर्नेछ ।

२४. **सीप विकास तालिम सञ्चालन प्रक्रियाः**

(१) सीप विकास तालिम सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछः

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् वा सो परिषद्बाट मान्यताप्राप्त संस्थामार्फत् सार्वजनिक खरिद ऐनले निर्धारण गरेको प्रक्रिया अनुसार सीप विकास तालिम सम्बन्धी कार्यक्रमको कार्यान्वयन गर्नु पर्नेछ ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिषद् वा परिषद्बाट मान्यताप्राप्त संस्थाबाट तालिमप्राप्त जनशक्तिको उपयोग गरी स्थानीय तहले स्वयम् व्यवस्थापन गरी तालिम सञ्चालन गर्न वाधा पर्ने छैन ।

(ग) सीप विकास तालिमसम्बन्धी कार्यक्रमको पाठ्यक्रम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) स्थानीय तहले आफ्नो प्रतिस्पर्धी लाभको क्षेत्र निर्धारण गरेको विषयमा तालिमका लागि खण्ड (ग) बमोजिम पाठ्यक्रम निर्धारण नभएको अवस्थामा स्वयम् वा अन्य सरकारी निकायले तयार गरेको पाठ्यक्रम अनुसार तालिम सञ्चालन गर्न वाधा पर्ने छैन ।

(ङ) सीप विकास तालिमसम्बन्धी कार्यक्रमको लागत अनुमान तयार गर्दा नेपाल सरकार वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्वीकृत दररेट वा कार्यालयले स्थानीय बजार दरको विश्लेषणको आधारमा तयार गरेको दररेट तथा मापदण्ड बमोजिम तयार गर्नु पर्नेछ ।

(२) यस कार्यविधि अनुसार सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहले जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय एवं अन्य तालिम प्रदायक निकायसँग आवश्यकता अनुसार समन्वय गर्न सक्नेछ ।

२५. **<u>सहयोग गर्न सक्ने:</u>** स्थानीय तहले प्रतिस्पर्धी लाभको क्षेत्र निर्धारण गरेको विषयमा तालिम लिन इच्छुक व्यक्तिहरुको संख्या तोकिएको भन्दा कम भएमा त्यस्तो विषयमा तालिम प्रदान गर्नको लागि अन्य स्थानीय तह वा तालिम प्रदायक प्रतिष्ठानसँग समन्वय गरी प्रतिव्यक्ति लाग्ने शुल्कको ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

२६. **<u>तालिमप्राप्त जनशक्तिको रोष्टर सार्वजनिक गर्नुपर्ने:</u>** सीप विकास सम्बन्धी तालिम प्राप्त गरेका जनशक्तिको विषयक्षेत्रगत समूह अनुसार सूची तयार गरी स्थानीय तहले आफ्नो वेबसाइट वा सूचना मार्फत रोष्टर सार्वजनिक गर्नुपर्नेछ ।

२७. **<u>प्राथमिकता दिनुपर्ने:</u>** स्थानीय तह र अन्तर्गतका सरकारी वा गैर सरकारी निकायले दफा २६ बमोजिमका रोष्टरमा रहेका सीप विकास तालिमप्राप्त जनशक्तिको सेवा लिन प्राथमिकता दिनुपर्नेछ

## परिच्छेद - ६

## उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन कार्यक्रम

**२८. विवरण तयार गर्नुपर्नेः**

(१) कार्यालयले उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आफ्नो क्षेत्रभित्र सञ्चालनमा आएका तथा संभाव्य उद्योगको विवरण तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण तयार गर्दा कार्यालयले स्थानीय उद्योग वाणिज्य क्षेत्रका निजी संघ/संस्थासँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

**२९. उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन कार्यक्रम छनोट प्रक्रियाः**

(१) कार्यालयले उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि सहभागितामूलक पद्धतिबाट प्रतिस्पर्धी लाभ भएका उद्यमका क्षेत्र पहिचान एवम् निर्धारण गरी सूचीकृत गर्नु पर्नेछ। उद्यम पहिचान एवं निर्धारण गर्दा अनुसूची-१४ को परियोजना सूचीलाई आधारको रुपमा लिन सकिनेछ ।

(२) कार्यालयले नवप्रर्वतनमा आधारित नयाँ उद्योग स्थापना गर्न इच्छुक उद्यमीलाई लक्षित गरी अनुसूची - ८ बमोजिमको ढाँचामा उपदफा (१) बमोजिमका सूचीकृत क्षेत्रमा उद्योग सञ्चालन गर्न प्रस्ताव आव्हान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रस्ताव पेश गर्न १५ दिनको म्याद दिई स्थानीय पत्र पत्रिका र कार्यालयको वेबसाईट मार्फत् सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) प्रस्तावकले प्रस्ताव पेश गर्दा परियोजना सञ्चालन गर्न प्राप्त हुने अनुदान रकमको कम्तिमा २५% लागत सहभागिता स्वरुप व्यहोर्ने र प्रस्ताव स्वीकृत भएमा कम्तिमा ५ वर्षसम्म उद्योग निरन्तर रुपमा सञ्चालन गर्ने प्रतिवद्धता समेत पेश गर्नुपर्नेछ ।

(५) प्राविधिक समितले नियमानुसार कार्यालयमा पेश हुन आएका उद्योग सञ्चालनका प्रस्ताव अनुसूची-९ बमोजिम मूल्याङ्कन गरी सबै भन्दा उत्तम देखिएका बढिमा १० वटा प्रस्ताव प्रवर्द्धन समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका प्रस्तावलाई प्रवर्द्धन समितिले बैठकसमक्ष प्रस्तुत गर्न लगाई सोको मूल्याङ्कनको आधारमा उत्कृष्ट प्रस्ताव प्राथमिकता र योग्यताक्रम सहित कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ ।

(७) कार्यपालिकाले प्रवर्द्धन समितिबाट सिफारिस भई प्राप्त प्रस्तावमध्ये उपलब्ध स्रोत तथा लागत साझेदारी हुने अवस्थाको आधारमा कार्यान्वयनको लागि उपयुक्त संख्यामा प्रस्ताव छनोट गर्नुपर्नेछ ।

३०. **प्रस्तावकको योग्यता:** उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन कार्यक्रमको लागि परियोजना प्रस्ताव पेश गर्न देहायका योग्यता पूरा भएको हुनु पर्नेछः

(क) स्थानीय तहमा कुनै पेश्की बाँकी नरहेको र निजको नाममा कुनै प्रकारको बेरुजु नरहेको,

(ख) कुनै सार्वजनिक पदमा बहाल नरहेको,

(ग) स्थानीय तहलाई निजले तिर्नु पर्ने कुनै वक्यौता नरहेको,

(घ) सार्वजनिक खरिद ऐन बमोजिम कालो सूचीमा नपरेको,

(ङ) प्रचलित कानून बमोजिम अयोग्य नरहेको ।

३१. **प्रस्तावको कार्यान्वयनः** यस परिच्छेद बमोजिम छनोट भएको परियोजना प्रस्तावको कार्यान्वयन देहाय बमोजिम गर्नु पर्नेछः

(क) प्रस्ताव स्वीकृत भएको ७ (सात) दिनभित्र वेबसाइट तथा सूचनापाटी मार्फत कार्यालयले सम्बन्धित आवेदकलाई जानकारी गराउने,

(ख) प्रस्ताव स्वीकृत भएको जानकारी दिएको ७ दिनभित्र सम्बन्धित आवेदकसँग कार्यालयको तर्फबाट कार्यान्वयनको लागि सम्झौता गर्ने,

(ग) उद्योग सञ्चालनको लागि कार्यपालिकाबाट छनोट भएका प्रस्तावलाई प्रचलित कानून बमोजिम तोकिएको निकायमा दर्ता भएपछि प्रति प्रस्ताव रू.१० लाखसम्म अनुदान उपलब्ध गराउने,

(घ) अनुदानस्वरुप प्राप्त हुने रकमको कम्तिमा २५% रकम लागत सहभागिता प्रस्तावकले व्यहोर्नुपर्ने,

(ङ) अनुदानको रकम दुई किस्तामा उपलब्ध गराइनेछ। प्रस्तावकले लागत सहभागिताको रकमबाट परियोजनाको कार्य आरम्भ गरेपछि पहिलो किस्ता रकम अधिकतम ५०% सम्म र उद्यमीले प्रस्ताव साथ पेश गरेको प्रतिफल मापनका सूचकको प्रगति/उत्पादनको आधारमा अन्तिम किस्ताको रकम उपलब्ध गराउनुपर्नेछ ।

## ३२. <u>संयुक्त प्रस्ताव पेश गर्न सकिनेः</u>

(१) ईच्छुक मुख्य प्रस्तावकले उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि परियोजना प्रस्ताव पेश गर्दा अन्य लाभग्राहीसँग समेत लागत साझेदारीमा आफ्नो नेतृत्व र जिम्मेवारीमा परियोजना सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा साझेदारको लागत साझेदारी र कार्यजिम्मेवारीको स्पष्ट विवरण परियोजना प्रस्तावसहित पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ७

## विशिष्टीकृत वस्तु छनोट, उत्पादन तथा व्यवस्थापन

३३. **विशिष्टीकृत वस्तु उत्पादन कार्यक्रम सञ्चालनका आधारहरुः** विशिष्टीकृत वस्तु उत्पादन कार्यक्रम देहायका आधारमा सञ्चालन गर्नुपर्नेछः

(क) विशिष्टीकृत वस्तुको उत्पादन नवप्रवर्तनको अवधारणामा आधारित रही गर्नु पर्ने,

(ख) विशिष्टीकृत वस्तुको उत्पादनमा प्रदेश सरकारसँग समन्वय गर्न सक्ने,

(ग) वस्तुको उत्पादनमा अनुसन्धान तथा विकासलाई जोड दिइएको हुनुपर्ने,

(घ) विशिष्टीकृत वस्तु उत्पादन गर्दा स्थानीय विशिष्ट उत्पादनलाई ब्रान्डिङ्ग गरी निर्यातयोग्य बनाउनुपर्ने,

(ङ) नेपाल सरकार वा निजी क्षेत्रका संघ/संस्थाकबाट नवप्रवर्तनमा आधारित विशिष्ट उत्पादनसम्बन्धी कुनै कार्यक्रम सञ्चालन भएमा सो समेतलाई समेट्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

३४. **विशिष्टीकृत वस्तुको छनोट प्रक्रियाः**

(१) कार्यालयले उद्योग वा वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ/संस्थाहरुसँग समन्वय गरी सम्भाव्य विशिष्टीकृत बस्तुको पहिचान गरी अभिलेख तयार गर्नुपर्नेछ ।

(२) यस दफा बमोजिम विशिष्टीकृत वस्तुको छनोट देहायका आधारमा गर्नुपर्नेछः

(क) परम्परागत,

(ख) लोपोन्मुख,

(ग) बहुमूल्यवान,

(घ) पहिचान वा कला वा कौशल झल्किने,

(ङ) स्थान एवम् उत्पादन विशेषले मौलिक प्रकृतिको ।

(च) रैथाने जातका वालीनाली तथा पशुपन्छी ।

(३) उपदफा (२) बमोजिम विशिष्टीकृत वस्तुको पहिचान एवम् निर्धारण प्राविधिक समितिले सिफारिस गरे बमोजिम हुनेछ ।

(४) कार्यालयले उपदफा (१) बमोजिम पहिचान गरिएका विशिष्टिकृत वस्तुको विवरण मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ ।

(५) मन्त्रालयले केन्द्रीय निर्देशक समितिको सिफारिस समेतका आधारमा पहिचान गरिएको विशिष्टीकृत बस्तुको अन्तिम छनोट गर्नेछ ।

(६) मन्त्रालयले छनोट भएका विशिष्टीकृत बस्तुको विवरण कार्यान्वयनका लागि स्थानीय तहमा पठाउनु पर्नेछ ।

(७) यस दफा बमोजिम विशिष्टीकृत वस्तुको पहिचान एवम् छनोट गर्दा अनुसूची-१५ बमोजिमको नमूना विवरणलाई आधार लिन सकिनेछ ।

**३५. <u>विशिष्टीकृत वस्तु उत्पादक/उद्यमी छनोट प्रक्रियाः</u>**

(१) विशिष्टीकृत वस्तु उत्पादन गर्न ईच्छुक उद्यमीलाई लक्षित गरी कार्यालयले प्रस्ताव पेश गर्न १५ दिनको म्याद दिई स्थानीय सञ्चार माध्यम र कार्यालयको वेबसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) विशिष्टीकृत वस्तु उत्पादन सम्बन्धी परियोजनाका लागि व्यक्तिगत वा समूहगत रुपमा प्रस्ताव पेश गर्न सकिनेछ ।

(३) विशिष्टीकृत वस्तु उत्पादन सम्बन्धी परियोजना कार्यान्वयनको लागि सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त उद्यमी, उद्योग वाणिज्य क्षेत्रमा क्रियाशील निजी क्षेत्रका स्थानीय संघ/संस्थाले समेत प्रस्ताव पेश गर्न सक्नेछन् ।

(४) कार्यालयमा पेश गर्ने प्रस्तावको ढाँचा अनुसूची-८ बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रस्तावहरु अनुसूची-९ बमोजिम मूल्याङ्कन गरी प्राविधिक समितिले स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ ।

**३६. <u>विशिष्टीकृत वस्तु उत्पादनका लागि तालिमः</u>**

(१) विशिष्टीकृत वस्तु उत्पादनका लागि प्रस्ताव स्वीकृत भएका उद्यमी/उत्पादकलाई कार्यालयले उद्यम विकास योजना तथा विशिष्टीकृत वस्तु उत्पादनसम्बन्धी प्रयोगात्मक तालिम प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिम स्थानीय तह आफैले वा स्थानीय उद्योग वाणिज्य संघसँग समन्वय वा सम्झौता गरी सञ्चालन गर्न सकिनेछ ।

**३७. <u>परियोजनाको लागत व्यवस्थाः</u>**

(१) कार्यपालिकाबाट छनोटमा परेका प्रस्तावकसँग स्थानीय तहले विशिष्टीकृत बस्तुको उत्पादन, बजारीकरण, मूल्य निर्धारण लगायतका विषय उल्लेख गरी परियोजनालाई बढिमा १० लाख रुपैंयासम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) अनुदानस्वरुप प्राप्त हुने रकमको कम्तिमा २५% रकम लागत सहभागिता प्रस्तावकले व्यहोर्नुपर्नेछ ।

(३) मन्त्रालयले छनोट गरेको विशिष्टीकृत वस्तु एवं स्थानका हकमा मात्र उत्पादन र बजारीकरणका लागि अनुदानको व्यवस्था हुनेछ ।

३८. <u>विशिष्टीकृत वस्तुको बजारीकरण र गुणस्तर प्रमाणीकरण सम्बन्धी व्यवस्थाः</u>

(१) उत्पादित विशिष्टकृत बस्तुको प्रवर्द्धन, बजारीकरण तथा गुणस्तर प्रमाणीकरणका लागि कार्यालयले आवश्यक सहयोग र समन्वय गर्नुपर्नेछ ।

(२) औद्योगिक क्लष्टरमा विशिष्टीकृत वस्तु उत्पादनका लागि उद्यमीहरुको कुनै समूहले पहल गरेमा कार्यालयले आवश्यक सहयोग गर्नु पर्नेछ ।

**<u>प्रष्टीकरणः</u>** यस उपदफाको प्रयोजनका लागि **"औद्योगिक क्लष्टर"** भन्नाले कुनै एक स्थान विशेषमा वा विभिन्न स्थानमा उस्तै कच्चा पदार्थ वा सीपको उपयोग गरी एकै प्रकृतिका विशिष्टीकृत वस्तु उत्पादन गर्ने उद्योग तथा उद्यमीहरुको सामूहिक एकाइ भन्ने बुझाउँछ ।

(३) कार्यालयले विशिष्टीकृत वस्तुको बजारीकरणको जिम्मेवारी स्थानीय उद्योग वाणिज्य संघलाई दिन सक्नेछ ।

(४) मन्त्रालय, केन्द्रीय निर्देशक समिति तथा केन्द्रीय निकायको सहयोग र समन्वयमा विशिष्टीकृत वस्तुको अन्तर्राष्ट्रिय बजारीकरणमा सहयोग गर्न विदेश स्थित नेपाली नियोगलाई अनुरोध गर्न सकिनेछ ।

## परिच्छेद - ८

## बजेट तथा वित्तीय स्रोत परिचालन

३९. **वित्तीय स्रोत स्रोत व्यवस्थापन:**

(१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउनेछ ।

(२) यस कार्यविधिमा तोकिएबमोजिम वित्तीय स्रोत व्यवस्थापनमा स्थानीय तह तथा लाभग्राहीको लागत सहभागिता समेत रहनेछ ।

(३) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले विकास साझेदारसँगको साझेदारीमा समेत स्रोत व्यवस्थापन गर्न सक्नेछ ।

(४) स्थानीय तहले प्रदेश सरकार, निजी क्षेत्र, सहकारी तथा समुदायसँगको साझेदारीमा स्थानीय तहमा नै स्रोत व्यवस्थापन गर्न सक्नेछन् ।

४०. **सशर्त अनुदान सम्बन्धी व्यवस्था:**

(१) नेपाल सरकारबाट वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको आधारमा मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ ।

(२) मन्त्रालयले देहायको मापदण्डका आधारमा उपदफा (१) बमोजिम अनुदान प्राप्त गर्न योग्य/ग्राह्य स्थानीय तहहरुको सूची तयार गर्नुपर्नेछः

(क) गत आर्थिक वर्षमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि बमोजिम मूल्याङ्कन गरेको,

(ख) गत आर्थिक वर्षमा स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनमा भाग लिई तोकिएको समयमा स्वमूल्याङ्कन गरेको,

(ग) गत आर्थिक वर्षमा कानूनले तोकिएको समय भित्र गाउँ/नगर सभाबाट बजेट स्वीकृत गरेको,

(घ) पछिल्लो आर्थिक वर्षमा महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन (पछिल्लो प्रकाशित प्रतिवेदन) अनुसार ५% भन्दा बढी बेरुजु नरहेको ।

(३) उपदफा (२) बमोजिमको योग्यता पुगेका स्थानीय तहको सूची प्रत्येक वर्ष मन्त्रालयले वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(४) उपदफा (२) अनुसार योग्य स्थानीय तहलाई मन्त्रालयले कार्यक्रम सञ्चालनको लागि निश्चित समय तोकी लागत सहभागिताको प्रतिवद्धता पत्र पेश गर्न आव्हान गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम तोकिएको समयावधि भित्र प्रतिवद्धता पत्र पेश भएका स्थानीय तहलाई मन्त्रालयले निर्धारण गरे बमोजिम अनुदान उपलब्ध गराइनेछ ।

(६) मन्त्रालयले निश्चित शर्त तथा सीमा निर्धारण गरी देहायका सबै वा कुनै आधारमा कार्यक्रम सञ्चालनका लागि सशर्त अनुदान प्रदान गर्नेछ ।

(क) स्थानीय तहको जनसंख्या

(ख) स्थानीय तहको भूगोल

(ग) स्थानीय तहको मानव विकास सूचकाङ्क

(घ) स्थानीय आर्थिक विकासको मूल्याङ्कन

(ङ) वित्तीय सुशासन जोखिम मूल्याङ्कन

(च) सम्बन्धित स्थानीय तहको कुल बजेटमा आन्तरिक आयको योगदान

(७) मन्त्रालयले सशर्त अनुदानको रुपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत् सम्बन्धित स्थानीय तहमा रकम निकासाको व्यवस्था मिलाउनु पर्नेछ ।

(८) स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा कार्यविधि विपरित कुनै क्रियाकलाप गरेमा मन्त्रालयले निकासा रोक्का राख्न सक्नेछ ।

(९) स्थानीय तहले प्रचलित आर्थिक ऐन नियममा व्यवस्था भएबमोजिम खर्च तथा बजेट सञ्चालन गर्नु पर्नेछ ।

(१०) स्थानीय तहले आफूले व्यहोर्नु पर्ने लागत सहभागिताको रकम शीर्षकगत रुपमा विनियोजन गरी सुनिश्चित गर्नु पर्नेछ ।

आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको अनुदान रकम संघीय संञ्चितकोषमा फिर्ता गर्नु पर्नेछ।

## ४१. <u>खर्चको सीमाः</u>

(१) यस कार्यविधि बमोजिम स्थानीय तहलाई प्राप्त हुने कुल अनुदान रकममध्ये देहायको शीर्षकगत सीमाभित्र रही खर्च गर्नुपर्नेछः

| | | |
|---|---|---|
| (क) | स्थानीय आर्थिक विकास पूर्वाधार निर्माणः | ५०% सम्म |
| (ख) | आर्थिक सचेतना कक्षा सञ्चालनः | १०% सम्म |
| (ग) | आर्थिक सशक्तीकरण तथा व्यवसाय विकासः | ३०% सम्म |
| (घ) | सीप विकास तालिमः | १०% सम्म |

(ङ) उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धनः ४०% सम्म

(च) विशिष्टीकृत वस्तु उत्पादन/बजारीकरणः २०% सम्म

(छ) व्यवस्थापन खर्च (प्रशासनिक, अनुगमन तथा मूल्याङ्कन): ३% सम्म

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सोही उपदफाको खण्ड (क), (ङ) र (च) को सीमा बृद्धि गर्न आवश्यक भएमा स्थानीय तहले निर्धारित प्रतिस्पर्धी लाभका क्षेत्र तथा आधारलाई पुष्टि गर्ने पर्याप्त प्रमाण सहित मन्त्रालयमा अनुरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुरोध भई आएमा मन्त्रालयले औचित्यका आधारमा तोकिएको रकमको सीमा परिर्वतन गर्न स्वीकृति दिन सक्नेछ ।

४२. <u>लागत सहभागिताः</u>

(१) स्थानीय तहले यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त गर्ने अनुदानमा देहाय बमोजिमको लागत सहभागिता हुने गरी वार्षिक कार्यक्रम तर्जुमा गर्नुपर्नेछः-

(क) महानगर र उपमहानगरपालिकाले प्राप्त गर्ने अनुदानको कम्तिमा ३० प्रतिशत रकम

(ख) नगरपालिकाले प्राप्त गर्ने अनुदानको कम्तिमा २५ प्रतिशत रकम

(ग) गाउँपालिकाले प्राप्त गर्ने अनुदानको कम्तिमा १५ प्रतिशत रकम ।

(२) यस कार्यविधि बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्दा स्थानीय तह, प्रदेश, नेपाल सरकार तथा गैर सरकारी संस्था तथा निजी क्षेत्रसँग लागत साझेदारी गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

(३) प्रदेशले यस कार्यविधि बमोजिमका कार्यक्रममा वित्तीय अनुदान प्रदान गरी साझेदारी गर्न सक्नेछ ।

४३. <u>कार्यक्रमको अनुदान रकम रोक्का गर्न सक्नेः</u>

(१) देहायको अवस्थामा मन्त्रालयले कार्यक्रमको अनुदान रोक्का गर्न सक्नेछः

(क) कार्यक्रम कार्यान्वयन गर्दा यस कार्यविधिको व्यवस्था पालना नगरेमा,

(ख) कार्यक्रमको रकम हिनामिना वा दुरूपयोग भएमा ।

(२) कार्यक्रमको रकम हिनामिना वा दुरुपयोग भएमा वा लापरवाहीपूर्वक खर्च गरेमा जिम्मेवार पदाधिकारी तथा कर्मचारीबाट प्रचलित नियमानुसार असूल उपर गरिनेछ ।

४४. **<u>खर्चमा बन्देज:</u>** स्थानीय तहलाई यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि प्राप्त हुने अनुदान रकमबाट देहायको क्षेत्र वा कार्यमा खर्च गर्न पाइने छैन:

(क) पदाधिकारी, कर्मचारी वा व्यक्तिको पारिश्रमिक तथा सुविधा सम्बन्धी खर्च,

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च व्यहोर्न,

(ग) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुललगायत कार्यालय सञ्चालनसम्बन्धी खर्च गर्न,

(घ) राजनीतिक दल तथा तिनका भातृ सङ्गठन, सङ्घसंस्था वा व्यक्तिलाई कुनै किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न,

(ङ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँट गर्न,

(च) यस कार्यविधिको व्यवस्था बमोजिम स्वीकृत नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न ।

४५. **<u>लेखा तथा प्रतिवेदनः</u>**

(१) स्थानीय तहले यस कार्यक्रमको लेखा प्रचलित कानुन बमोजिम राख्नुपर्नेछ ।

(२) यस कार्यक्रमको कार्य प्रगति प्रतिवेदन तयार गरी प्रचलित कानून बमोजिम त्रैमासिक र वार्षिक रूपमा मन्त्रालय तथा लागत साझेदारी गर्ने निकायमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन पेश नगर्ने स्थानीय तहलाई अनुदान उपलब्ध गराउने सूचीबाट हटाउन सकिनेछ ।

(४) प्रचलित कानून बमोजिम कार्यक्रमको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने कर्तव्य स्थानीय तहको हुनेछ ।

४६. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>**

(१) यस कार्यविधि बमोजिमको कार्यक्रमको अनुगमन गाउँपालिका तथा नगरपालिकाको अनुगमन समितिले गर्नुपर्नेछ ।

(२) प्रवर्द्धन समितिले आवश्यकता अनुसार कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

(३) मन्त्रालय र जिल्ला समन्वय समितिबाट प्रचलित कानून बमोजिम कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ ।

(४) मन्त्रालयले आवश्यकता अनुसार तेस्रो पक्षबाट समेत अनुगमन तथा मूल्याङ्कन गराउन सक्नेछ ।

४७. **खरिद व्यवस्थापनः** कार्यक्रमको खरिद सम्बन्धी व्यवस्था प्रचलित सार्वजनिक खरिद कानून अनुसार हुनेछ ।

४८. **कार्यक्रमको उपलब्धि मापनका आधारहरू:** स्थानीय तहले कार्यक्रम कार्यान्वयन पश्चात् कार्यक्रमले पारेको प्रभाव सहितको समग्र मूल्याङ्कन देहायको उपलब्धि सूचकको आधारमा गर्नुपर्नेछः

(क) कार्यक्रमबाट सिर्जना भएको रोजगारी संख्या,

(ख) कार्यक्रम कार्यान्वयनबाट घरपरिवार तहको थप भएको आय रकम,

(ग) कार्यक्रम कार्यान्वयनबाट थपिएका नयाँ उद्योगको संख्या,

(घ) कार्यक्रमबाट श्रमका लागि विदेश जाने अदक्ष जनशक्तिको घटेको संख्या,

(ङ) कार्यक्रमका कारण स्थानीय बासिन्दाको आर्थिक हैसियत बढाउन गरेको योगदान,

(च) कार्यक्रमका कारण क्रियाशील सामुदायिक/व्यावसायिक संस्थाको सङ्ख्या,

(छ) स्थानीय आर्थिक विकास सूचकांकमा भएको सुधार,

(ज) एक स्थानीय तह एक उत्पादनको कार्यान्वयन भएको वस्तुगत तथ्याङ्क,

(झ) औद्योगिक ग्राम/कोरिडोर वा क्लष्टरको स्थापना र सञ्चालन,

(ञ) सीपमा स्थानीय आत्मनिर्भरता,

(ट) वस्तु/सेवामा स्थानीय आत्मनिर्भरता,

(ठ) व्यापार मेलाको संख्या,

(ड) कार्यक्रमबाट थप भएको व्यवसायको संख्या,

(ढ) कार्यक्रमबाट थप भएको हाट बजारको संख्या,

(ण) कार्यक्रमबाट थप भएको बजार केन्द्रको संख्या,

(त) कार्यक्रमबाट थप भएको बिक्री केन्द्र र संकलन केन्द्र संख्या,

(थ) कार्यक्रमको प्रभावबाट सिर्जना भएका आर्थिक पहिचानको संख्या,

४९. **वित्तीय सुशासनको सुनिश्चितताः**

(१) कार्यक्रमबाट सञ्चालित कार्यक्रमहरु सम्पन्न भएपछि परियोजनास्थलमा प्रचलित कानून बमोजिम स्थलगत सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

(२) कार्यक्रम सम्पन्न भएपछि कार्यक्रमको अनुगमन गरी यसको प्राविधिक जाँचपास तथा फरफारक गर्नुपर्नेछ ।

(३) कार्यक्रमको उपलब्धिको बारेमा प्रवर्द्धन समितिको रोहवरमा आर्थिक वर्ष सकिएको एक महिनाभित्र सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ ।

## परिच्छेद - ९

## कार्यक्रमको व्यवस्थापन तथा संरचनागत व्यवस्था

**५०. केन्द्रीय निर्देशक समिति:**

(१) कार्यक्रमलाई नीतिगत रुपमा मार्गनिर्देश गर्न तथा अन्तरनिकाय समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको केन्द्रीय निर्देशक समिति रहनेछ:

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सह-सचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(घ) सह-सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ङ) सह-सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(ङ) सचिव, प्रदेशको उद्योग हेर्ने मन्त्रालय (सबै प्रदेश) - सदस्य

(च) उद्योग वाणिज्य सम्बन्धी संस्था मध्येबाट मन्त्रालयले तोकेको एकजना प्रतिनिधि - सदस्य

(छ) अध्यक्ष, नेपाल नगरपालिका संघ, - सदस्य

(ज) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ, - सदस्य

(झ) अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ - सदस्य

(ञ) सह-सचिव, स्थानीय तह क्षमता विकास महाशाखा - सदस्य सचिव

(२) केन्द्रीय निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार विषयगत मन्त्रालयका प्रतिनिधि र अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) स्थानीय तहमा आर्थिक विकासका संभावित क्षेत्रको पहिचान गर्ने,

(ख) स्थानीय तहमा अनुदान वितरणका आधार तय गर्ने,

(ग) स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा स्थानीय सरकारलाई समन्वय समितिमार्फत आवश्यक मार्गदर्शन गर्ने,

(घ) स्थानीय आर्थिक विकास कार्यक्रमको नीतिगत पक्षमा सुधारका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(ङ) स्थानीय आर्थिक विकास कार्यक्रम अन्तर्गत सम्बन्धित स्थानीय तहका लागि विशिष्टीकृत वस्तुको छनोट वा निर्धारण गर्ने,

(च) कार्यक्रमका लागि आवश्यक पर्ने स्रोतको आँकलन तथा व्यवस्थापन गर्ने,

(छ) कार्यक्रमको अनुगमन र समीक्षाको आधारमा सुधारका लागि आवश्यक निर्देशन दिने ।

**५१. <u>स्थानीय आर्थिक विकास कार्यक्रम समन्वय समितिः</u>**

(१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन तथा आवश्यक समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको समन्वय समिति रहनेछः

(क) स्थानीय तह क्षमता विकास महाशाखा प्रमुख, मन्त्रालय -संयोजक

(ख) उपसचिव, उद्योग बाणिज्य, तथा आपुर्ति मन्त्रालय -सदस्य

(ग) उपसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(घ) स्थानीय तह समन्वय शाखा प्रमुख, मन्त्रालय -सदस्य

(ङ) योजना तथा अनुगमन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(च) वैदेशिक सहायता सान्वय शाखा प्रमुख, मन्त्रालय -सदस्य

(छ) स्थानीय तह क्षमता विकास शाखा प्रमुख, मन्त्रालय -सदस्य

(ज) आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(झ) कानुन तथा फैसला कार्यान्वयन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(ञ) स्रोत परिचालन समन्वय शाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठक महिनामा एक पटक बस्नेछ। समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहका प्रतिनिधि र विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहमा आर्थिक विकास कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्ने,

(ख) स्थानीय तहमा अनुदान वितरणका लागि सम्पर्क समितिको रुपमा कार्य गर्ने,

(ग) स्थानीय आर्थिक विकास कार्यक्रमको कार्यक्रमगत पक्षमा सुधारका लागि अध्ययन गरी केन्द्रीय निर्देशक समितिसमक्ष पेश गर्ने,

(घ) स्थानीय आर्थिक विकास कार्यक्रमका लागि स्थानीय तहको सहकार्यमा आवश्यकतानुसार प्रशिक्षण तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

(ङ) कार्यक्रमका लागि आवश्यक पर्ने स्रोतको लागि सहजीकरण गर्ने,

(च) कार्यक्रमको कार्यान्वयनमा एकरूपता ल्याउन समन्वय एवम् सहजीकरण गर्ने,

(छ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाबीच आवश्यक समन्वय गर्ने गराउने,

(ज) कार्यक्रम सञ्चालनका लागि निजी क्षेत्र वा बाह्य दातृ निकायसँग समन्वय गर्ने,

(झ) कार्यक्रमको अनुगमन गरी सोको पृष्ठपोषणका आधारमा सुधारका लागि आवश्यक निर्देशन दिने,

(ञ) मन्त्रालय तथा केन्द्रीय निर्देशक समितिबाट निर्देशन भए बमोजिम स्थानीय विकास कार्यक्रम सम्बन्धी अन्य कार्य गर्ने ।

(ट) स्थानीय आर्थिक विकास सम्बन्धी आवस्यक अध्ययन अनुसन्धान गरी तथ्य र प्रमाणिकतामा आधारित नीति तर्जुमा गर्न विषय विज्ञ वा विश्व विद्यालय वा अनुसन्धान संस्थासंग सहकार्य गर्ने ।

स्थानीय आर्थिक विकास वा ब्यवसाय सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने ।

५२. **<u>स्थानीय आर्थिक विकास प्रवर्द्धन समितिः</u>**

(१) स्थानीय आर्थिक विकासको प्रबर्द्धनको लागि हरेक स्थानीय तहमा देहाय बमोजिमको एक स्थानीय आर्थिक विकास प्रवर्द्धन समिति रहनेछः-

| | |
|---|---|
| (क) स्थानीय तहको प्रमुख वा अध्यक्ष | -संयोजक |
| (ख) स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष | -सदस्य |
| (ग) स्थानीय तहको आर्थिक विकास समितिको संयोजक | -सदस्य |
| (घ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष | -सदस्य |
| (ङ) उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संघ,संस्थाहरुको गाउँ वा नगर तहको अध्यक्ष | -सदस्य |
| (च) स्थानीय तहमा रहेका उत्पादनमा आधारित सहकारीहरू मध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि | -सदस्य |

(छ) स्थानीय तहमा रहेका बैंकहरूमध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि -सदस्य

(ज) स्थानीय तहमा सबैभन्दा बढी रोजगारी प्रदान गर्ने उद्यमी १ जना -सदस्य

(झ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(४) स्थानीय आर्थिक विकास प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय आर्थिक विकास सम्बन्धी नीति तथा वार्षिक कार्यक्रम तर्जुमा गर्न सहजीकरण गर्ने,

(ख) स्थानीय आर्थिक विकासको अनुगमन तथा मूल्याङ्कनमा सहजीकरण गर्ने,

(ग) स्थानीय आर्थिक विकासका सूचकको प्रगतिको अवस्थाको समीक्षा गर्ने,

(घ) स्थानीय आर्थिक विकासको प्रवर्द्धनमा सहजीकरण गर्ने,

(ङ) स्थानीय सीप विकासको प्रवर्द्धन गर्ने,

(च) लघु, घरेलु तथा साना उद्योग र उद्यमशीलता विकासका लागि सहजीकरण गर्ने,

(छ) एक स्थानीय तह एक उत्पादन सम्बन्धी कार्यमा सहजीकरण गर्ने,

(ज) औद्योगिक ग्रामको स्थापना सम्बन्धमा सहजीकरण गर्ने,

(झ) सार्वजनिक निजी साझेदारी प्रवर्द्धन सम्बन्धी कार्यहरू गर्ने,

(ञ) स्थानीय आर्थिक विकास योजनाको निर्माण तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

(ट) स्थानीय उत्पादनको प्रवर्द्धन सम्बन्धी कार्यमा सहजीकरण गर्ने,

(ठ) निजी लगानी आकर्षण सम्बन्धमा समन्वय गर्ने,

(ड) आर्थिक सशक्तीकरण सम्बन्धी कार्यमा सहजीकरण गर्ने,

(ढ) आर्थिक सचेतना कक्षा सञ्चालनमा सहजीकरण गर्ने ।

(ण) स्थानीय तहमा नवप्रवर्तनशाला सञ्चालन गर्न सहजीकरण गर्ने ।

(त) स्थानीय आर्थिक विकास सम्बन्धी आवस्यक अध्ययन अनुसन्धान गरी तथ्य र प्रमाणिकतामा आधारित नीति तर्जुमा गर्न विषय विज्ञ वा विश्व विद्यालय वा अनुसन्धान संस्थासंग सहकार्य गर्ने ।

(थ) स्थानीय आर्थिक विकास वा ब्यवसाय सम्बन्धी सम्मेलन आयोजना गर्ने ।

(५) समितिले आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) स्थानीय आर्थिक विकास शाखा वा सोसम्बन्धी कार्य गर्न जिम्मेवारी तोकिएको शाखाले स्थानीय आर्थिक विकास प्रवर्द्धन समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

## ५३. प्राविधिक समितिः

(१) स्थानीय तहमा कार्यक्रम कार्यान्वयन, व्यवस्थापन, प्रस्तावित परियोजनको मूल्याङ्कन लगायतका कामको लागि प्रत्येक स्थानीय तहमा देहाय बमोजिम एक प्राविधिक समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) स्थानीय तहले मनोनयन गरेको स्थानीय उद्योग वाणिज्य सम्बन्धी संघ/संस्थाको प्रतिनिधि -सदस्य

(ग) स्थानीय तहले मनोनयन गरेको स्थानीय क्षेत्रमा क्रियाशील उद्यमी -सदस्य

(घ) स्थानीय तहले तोकेको सम्बन्धित विषयको विषय-विज्ञ -सदस्य

(ङ) शाखा प्रमुख आर्थिक प्रशासन शाखा, -सदस्य

(च) ईन्जिनियर, योजना / प्राविधिक शाखा -सदस्य

(छ) शाखा प्रमुख स्थानीय आर्थिक विकास शाखा/स्थानीय आर्थिक विकास सम्बन्धी कार्य गर्न जिम्मेवारी तोकिएको अधिकृत कर्मचारी -सदस्य सचिव

(२) प्राविधिक समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) परियोजनाको प्रस्ताव आव्हान सम्बन्धी प्राविधिक कार्यहरु गर्ने,

(ख) आर्थिक सचेतना कक्षाका सहभागी छनोट गर्ने,

(ग) प्रस्तावहरुको प्राविधिक मूल्याङ्कन गरी कार्यपालिका समक्ष पेश गर्ने,

(घ) परियोजना कार्यान्वयनका लागि छनोट भएका प्रस्तावकसँग सम्झौता गर्न कार्यालयलाई प्राविधिक सहजीकरण गर्ने,

(ङ) कार्यक्रमको प्रथम किस्ता अनुदान रकम उपलब्ध गराउनु अघि स्थलगत निरिक्षण गरि प्रतिवेदन / सिफारिस गर्ने,

(च) कार्यविधिमा तोकिए बमोजिमका अन्य कार्यहरु ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**५४. मन्त्रालयको काम, कर्तव्य र अधिकार :**

(१) यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालन सम्बन्धमा मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमका लागि स्थानीय तहलाई अनुदान उपलब्ध गराउने,

(ख) कार्यक्रम सञ्चालनपूर्व स्थानीय तहका सम्बन्धित कर्मचारी तथा पदाधिकारीका लागि स्थानीय आर्थिक विकास सूचक तथा यस कार्यविधि कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(ग) कार्यक्रमबाट भएका कार्यहरूको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(घ) कार्यक्रम सञ्चालनमा आवश्यक सहजीकरण गर्ने,

(ङ) कार्यक्रमको प्रगति एवम् उपलब्धि समीक्षा गर्ने,

(च) कार्यक्रमको वार्षिक एकीकृत प्रतिवेदन तयार गर्ने,

(छ) कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन गर्न लगाउने,

(ज) कार्यक्रमको उद्देश्य अनुसार रकम उपयोग नभएमा जिम्मेवार निकाय वा पदाधिकारीहरूलाई सचेत गराउने र कार्यक्रमको रकम निश्चित अवधिका लागि रोक्का गर्ने ।

(२) मन्त्रालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि अन्य विस्तृत विषय क्षेत्रगत सञ्चालन कार्यविधि तथा स्रोत पुस्तिका स्थानीय तहलाई उपलब्ध गराउन सक्नेछ ।

**५५. प्रदेश सरकारको काम, कर्तव्य र अधिकार :** स्थानीय आर्थिक विकास कार्यक्रमका सम्बन्धमा प्रदेश सरकारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि अनुदान उपलब्ध गराउने वा साझेदारी गर्न सक्ने,

(ख) कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहहरूबीच आवश्यकता अनुसार समन्वय र सहजीकरण गर्ने,

(ग) यस कार्यविधि बमोजिम प्रदेश सरकारबाट अनुदान वा साझेदारीमा सञ्चालित कार्यक्रमको अनुगमन गर्ने,

(घ) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको आवश्यकता अनुसार मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्ने,

(ङ) स्थानीय आर्थिक विकास कार्यक्रमको प्रदेशस्तरीय समीक्षा गर्न सक्ने ।

५६. **स्थानीय तहको काम, कर्तव्य र अधिकार :** यस कार्यविधि अनुसार स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय तहको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) यस कार्यविधि बमोजिम परियोजना प्रस्तावहरु आव्हान गर्ने, मूल्याङ्कन गर्ने र स्वीकृत भएका तथा नभएका प्रस्ताव बारे सम्वन्धित प्रस्तावकहरुलाई जानकारी गराउने,

(ख) स्वीकृत भएका परियोजना प्रस्तावहरु कार्यान्वयन गर्न प्रस्तावक र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतबीच आपसी सम्झौता गर्ने,

(ग) कार्यक्रमहरुको नियमित अनुगमन तथा आवधिक समीक्षा गर्ने,

(घ) कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,

(ङ) कार्यक्रमको त्रैमासिक प्रगति प्रतिवेदन नियमित रुपमा र आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र वार्षिक प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउने,

(च) कार्यक्रमको नतिजा र गुणस्तरको सुनिश्चितता गर्ने,

(छ) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न आवश्यक अन्य कार्यहरू गर्ने ।

५७. **स्थानीय आर्थिक विकास शाखा:**

(१) स्थानीय तहले यस कार्यविधि बमोजिमका कार्यहरु सम्पादन गर्नको लागि कुनै शाखालाई कार्यविवरण सहित जिम्मेवारी तोक्नुपर्नेछ ।

(२) स्थानीय तहले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा स्थानीय आर्थिक विकास शाखाको स्थापना गर्न सक्नेछ ।

(३) कार्यक्रमको प्राविधिक सहजीकरण स्थानीय तहको उद्यम विकास सहजकर्ताले गर्नेछ। स्थानीय तहमा उद्यम विकास सहजकर्ता नभएमा स्थानीय तहमा कार्यरत कुनै अधिकृत कर्मचारीलाई सो सम्बन्धी कार्य गर्ने गरी तोक्नुपर्नेछ ।

(४) स्थानीय आर्थिक विकास शाखा वा सो कामका लागि जिम्मेवारी तोकिएको शाखाले यस कार्यक्रमको सचिवालय तथा सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ ।

(५) स्थानीय आर्थिक विकास शाखा वा सो शाखाको कार्य गर्ने गरी तोकिएको शाखाको काम, कर्तव्य र अधिकार अनुसूची-१६ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद- १०

## विविध

**५८. एक स्थानीय तह एक विशेष उत्पादनः**

(१) कार्यपालिकाले स्थानीय आर्थिक विकास प्रवर्द्धन समितिको सिफारिसमा एक स्थानीय तह एक विशेष उत्पादनको निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) विशेष उत्पादन घोषणा गर्दा सो उत्पादन बढाउने, बिक्री वितरण गर्ने र सो प्रवर्द्धन गर्ने कार्ययोजना निर्माण गरी स्वीकृत गर्नु पर्नेछ ।

(३) विशेष उत्पादनको विवरण आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

**५९. सम्झौता गर्नुपर्ने:** यस कार्यविधि वमोजिम कार्यालयले अनुदान उपलव्ध गराउदा अनुसूची -१७ बमोजिमको ढाचाँमा सम्झौता गर्नुपर्नेछ ।

**६०. अनुदान उपलब्ध नहुने:** कुनै निकायबाट अनुदान प्राप्त गरी उद्देश्य बमोजिम कार्य नगरेका वा त्यस वापत कालो सूचीमा परेका व्यक्ति वा फर्महरुलाई यस कार्यविधि बमोजिम कुनै पनि अनुदान उपलव्ध हुने छैन।

**६१. प्रचलित औद्योगिक व्यवसाय ऐनको पालना गर्नुपर्ने:** यस कार्यविधि बमोजिम उद्योग विकास सम्बन्धी परियोजना सञ्चालन गर्दा औद्योगिक व्यवसाय ऐन, २०७६ वा प्रविधि हस्तान्तरण, सार्वजनिक निजी साझेदारी तथा लगानी प्रवर्द्धनसम्बधी प्रचलित कानूनको पालना गर्नु पर्नेछ ।

**६२. प्रचलित कानूनको पालनाः** यस कार्यविधि बमोजिम उद्यम, नयाँ कार्यक्रम, उद्योग तथा व्यवसाय सञ्चालन गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ र सञ्चालनको लागि अनुमती लिनु पर्ने भए सोही बमोजिम अनुमती लिनु पर्नेछ ।

**६३. वाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आइपरेमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची -१
## (दफा ५(१) सँग सम्बन्धित)
## स्थानीय आर्थिक विकासको स्थितिपत्र (प्रोफाइल) मा समावेश हुनु पर्ने प्रमुख विषयवस्तुहरू

१. स्थानीय तहको परिचयः

२. भौगोलिक अवस्थितिः

३. स्थानीय तहको जनसंख्याः

| जम्मा घरधुरी संख्या | जम्मा परिवार संख्या | कूल जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | अन्य |
| | | | | |

४. उमेर समूह अनुसार जनसंख्याः

| कूल जनसंख्या | १६ वर्षसम्म | १७ देखि ५९ वर्षसम्म | ६० वर्षदेखि माथि |
|---|---|---|---|
| | | | |

५. स्थानीय भौतिक पूर्वाधारको अवस्थाः

| **क्रस.** | **विवरण** | **एकाइ** | **भौतिक अवस्था** |
|---|---|---|---|
| १. | सडक | | |
| | (क) कालोपत्रे/पक्की | कि. मि. | |
| | (ख) ग्राभेल | कि. मि. | |
| | (ग) कच्ची | कि. मि. | |
| २. | केन्द्रसम्म पहुँच पुगेका वडा संख्या | | |
| ३. | सिंचाई | | |
| | (क) खेतियोग्य जमिन | रोपनी/विगाह | |
| ४. | विद्युत सुविधा पुगेको घरधुरी संख्या | | |
| ५. | पाइपबाट बितरित खानेपानी सुविधा पुगेको परिवार संख्या | | |

६. वस्ती विकास र सहरीकरणको अवस्थाः

| **क्र.स.** | **विवरण** | संख्या |
|---|---|---|
| १ | योजनाबद्ध रुपमा विकास भएका बस्तीको संख्या | |
| २ | बजार केन्द्रको संख्या | |

७. वित्तीय संघसंस्था सम्बन्धी विवरणः

| **क्र.स.** | **विवरण** | संख्या |
|---|---|---|
| १ | बैंकको संख्या | |
| २ | लघु वित्तको संख्या | |
| ३ | बचत तथा ऋण सहकारीको संख्या | |

८. स्थानीय तहमा सञ्चालित व्यवसाय:

| **क्र.स.** | **विवरण** | संख्या |
|---|---|---|
| १ | स्थानीय तहमा दर्ता भएका व्यवसायका संख्या | |
| २ | कुल व्यवसाय संख्या | |

९. स्थानीय तहमा सञ्चालित उद्योगको विवरणः

| **क्र.स.** | **विवरण** | संख्या |
|---|---|---|
| १ | लघु/घरेलु उद्योग | |
| २ | मझौला उद्योग | |
| ३ | ठुला उद्योग | |
| ४ | उत्पादनमुलक उद्योग | |
| ५ | सेवामूलक उद्योग | |

१०. स्थानीय तहमा रोजगारीको अवस्थाः

| वेरोजगारको संख्या | अर्ध रोजगारको संख्या | रोजगार प्राप्त गर्नेको संख्या |
|---|---|---|
| | | |

११. स्थानीय तहमा उत्पादन हुने वस्तु तथा सेवाः

| | |
|---|---|
| प्रमुख बस्तु तथा सेवाको विवरण र सूची | |

१२. स्थानीय तहमा हुने कृषि उत्पादन

| **क्र.स.** | प्रमुख कृषि उपजहरु | उत्पादित परिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |

१३. पर्यटन सम्बन्धी विवरणः

| | |
|---|---|
| प्रमुख पर्यटकिय स्थल र सेवाहरु | |
| बार्षिक पर्यटकको संख्या | |
| रोजगारीको संख्या | |
| होटलको संख्या | |

१४. स्थानीय तहबाट बाहिर निकासी हुने वस्तुको विवरणः

| **क्र.स.** | उत्पादित बस्तुको विवरण | निकासी भएको परिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

१५. बाहिरबाट स्थानीय तहमा आयात हुने वस्तुको विवरणः

| **क्र.स.** | आयातीत बस्तुको विवरण | आयात भएको परिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

१६. स्थानीय क्षेत्रमा सीपको उपलब्धताः

| **क्र.स.** | उपलब्ध प्रमुख सिपहरु | सिपयुक्त जनशक्ति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

१७. निजी क्षेत्रका संस्थाहरुः

| उद्योग बाणिज्य सम्बन्धी संस्था | सामुदायिक संस्था | अन्य संगठित संस्थाहरु |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

१८. उत्पादनमूलक सहकारीः

| **क्र.स.** | सहकारीको नाम | आवद्ध सदस्य संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |

१९. अन्य सहकारी सम्बन्धी विवरणः

| क्र.स. | अन्य सहकारीको नाम | प्रकृति | आवद्ध सदस्य संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

२०. वैदेशिक रोजगारीमा गएका व्यक्तिको संख्याः

| क्र.स. | देशगत विवरण | रोजगारीमा गएको संख्या | फर्किएको संख्या |
|---|---|---|---|
| १ | भारत | | |
| २ | तेस्रो मुलुक | | |

२१. आवास संरचना विवरणः

| क्र.स. | **विवरण** | संख्या |
|---|---|---|
| १ | पक्की | |
| २ | जस्ताको छानो | |
| ३ | फुसको छानो | |
| ४ | अन्य | |

२२. गरिबी र विपन्नता स्तरीकरण विवरणः

| क्र.स. | **विवरण** | संख्या |
|---|---|---|
| १ | गरिव परिचय पत्र भएको परिवार संख्या | |

२३. मुख्य पेशाहरू र आवद्ध जनसंख्याः

| क्र.स. | **विवरण** | संख्या |
|---|---|---|
| १ | कृषि | |
| २ | नोकरी | |

| | | |
|---|---|---|
| ३ | बैदेशिक रोजगार, | |
| ४ | व्यवसाय | |

२४. औद्योगिक कच्चा पदार्थको उपलब्धता:

| प्रमुख औद्योगिक कच्चा पदार्थको नाम | उत्पादन विवरण |
|---|---|
| | |
| | |
| | |

२५. स्थानीय क्षेत्रमा आवश्यक तर उपलब्ध नहुने सीपहरुः

१. २. ३.

४. ५. ६.

२६. उत्पादन पकेट क्षेत्रको विवरणः

| **क्र.स.** | स्थान | उत्पादनको नाम |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

२७. स्थानीय तहमा रहेका सार्वजनिक आर्थिक पूर्वाधारः

| **क्र.स.** | पूर्वाधार | रहेको स्थानको नाम वा प्रकृति | संख्या |
|---|---|---|---|
| १ | औद्योगिक ग्राम | | |
| २ | बसपार्क | | |
| ३ | यातायात सेवा | | |
| ४ | साझा सुविधा केन्द्र | | |
| ५ | हाट बजार | | |

| | | | |
|---|---|---|---|
| ६ | बजार केन्द्र वा क्षेत्र | | |
| ७ | शीत भण्डार | | |
| ८ | कोशेली घर | | |
| ९ | संकलन केन्द्र | | |
| १० | | | |

२८. स्थानीय तहले उठाउने व्यवसाय करको विवरण:

| **क्र.स.** | करको शीर्षक | बार्षिक रुपमा संकलित रकम |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

२९. स्थानीय तहको आर्थिक विकास शाखाको संस्थागत क्षमता:

| **क्र.स.** | शाखाको नाम | कर्मचारी संख्या |
|---|---|---|
| | | |

३०. स्थानीय आर्थिक विकास सूचकाङ्कको नतिजाको अवस्थाः

३१. स्थानीय आर्थिक विकासको चुनौतीहरू तथा अवसरहरू

| |
|---|
| |
| |
| |

३२. स्रोत नक्साहरू

३३. स्थानीयतहमा रहेका बिशिष्टीकृत बस्तुको विवरणः

नोटः स्थानीय तहले आवश्यकतानुसार अन्य विवरणहरु थप गरी प्रोफाइल तयार गर्न सक्नेछ । साथै स्थानीय तहको प्रोफाइल तथा अन्य स्रोतबाट उल्लिखित विवरणहरु समावेश भई प्रतिवेदन तयार भएको भए सोही विवरणलाई प्रयोगमा ल्याउन सकिनेछ । यसरी तयार गरिने स्थानीय आर्थिक विकास सम्बन्धी प्रोफाइललाई क्रमशः डिजिटल प्रविधिको प्रयोग गरी अनलाइन प्रकाशन गर्न सकिनेछ ।

# अनुसूची - २

## (दफा ६(४) सँग सम्बन्धित)

## स्थानीय आर्थिक विकास योजनाको ढाँचा (आवधिक योजनाको एक भागको रुपमा रहने)

१. **खण्ड -१: परिचय**

(क) स्थानीय आर्थिक विकास योजनाको अवधारणा

(ख) स्थानीय आर्थिक विकास योजना सम्बन्धी कानूनी प्रावधानहरू

(ग) स्थानीय आर्थिक विकास योजना तर्जुमा गर्दा लिइएका आधारहरू

(घ) स्थानीय आर्थिक विकास योजनाको उद्देश्य

(ङ) स्थानीय आर्थिक विकास योजनाको औचित्य

(च) स्थानीय आर्थिक विकास योजना तर्जुमा प्रक्रिया

२. **खण्ड -२: स्थानीय आर्थिक विकासको वस्तुस्थिति विश्लेषण**

(क) स्रोत नक्साहरू

(ख) अनुसूची-१ मा उल्लेख गरिएका विवरणका आधारमा आर्थिक विकासको विश्लेषण गर्ने

(ग) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसूची-२ को परिच्छेद ४ का विवरणका आधारमा स्थानीय तवरको आर्थिक विकासको विश्लेषण गर्ने ।

३. **खण्ड -३: स्थानीय आर्थिक विकासको रणनीतिक योजनाको खाका**

(क) दीर्घकालीन **आर्थिक** सोंच

(ख) लक्ष्य

(ग) उद्देश्यहरू

(घ) योजनाका प्रमुख संभागहरूः संस्थागत ब्यवस्था, आर्थिक पूर्वाधार निर्माण, स्थानीय औद्योगिक तथा उद्यम विकास, आर्थिक सशक्तीकरण, आर्थिक नीति तथा ब्यवसायिक सहजीकरण, ब्यावसायिक सेवा तथा सुशासन, जलवायु मैत्री प्रविधि तथा जलवायु अनुकूलन

(ङ) मुख्य प्रतिफलहरू

(च) नीति तथा रणनीति

(छ) परिमाणत्मक लक्ष्यहरू

(ज) मुख्य कार्यक्रम, आयोजना, र क्रियाकलापहरू

(झ) वित्तीय व्यवस्थापन

(ञ) कार्यान्वयन योजना

४. **खण्ड -४: अनुगमन तथा मूल्याङ्कन**

(क) अनुगमन कार्ययोजना

(ख) मूल्याङ्कन कार्ययोजना

(ग) तेस्रो पक्ष अनुगमन

५. खण्ड -५: नतिजा खाका

६.  खण्ड -६: परियोजना सूची

## अनुसूची - ३
## (दफा ७(२) सँग सम्बन्धित)

### स्थानीय आर्थिक सर्वेक्षणमा समावेश गर्नु पर्ने विषयहरू

**१. कार्यकारी सारांश**

(१) नेपालको आर्थिक वृद्धि

(२) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको चालु खर्च

(३) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको पूँजीगत खर्च

(४) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको आन्तरिक आय

(५) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको वित्तीय हस्तान्तरण

(६) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा आर्थिक क्षेत्रमा भएको प्रगति

(७) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा सामजिक क्षेत्रमा भएको प्रगति

(८) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा स्थानीय पूर्वाधारमा भएको प्रगति

(९) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा वातावरण क्षेत्रमा भएको प्रगति

(१०) चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा संस्थागत पूर्वाधारमा भएको प्रगति

(११) स्थानीय अर्थतन्त्रका प्रमुख चुनौतीहरू

(१२) निजी क्षेत्रबाट भएका मुख्य कामको उपलब्धि

(१३) सहकारी क्षेत्रबाट भएका उपलब्धि

(१४) अन्य आवश्यक विषयहरू

**२. समग्र आर्थिक स्थिति**

(१) **नेपालको आर्थिक स्थितिः** नेपाल राष्ट्र बैंक, केन्द्रीय तथ्याङ्क विभागको प्रकाशन र नेपाल सरकारको आर्थिक सर्वेक्षणको आधारमा राष्ट्रिय अर्थतन्त्रको चालु आर्थिक वर्षको चैत्र मसान्त सम्म वा सो नभए गत आर्थिक वर्षको तथ्याङ्कलाई आधार मानी देहाय पक्षमा विवरणहरू समावेश गर्नेः

(क) आर्थिक वृद्धि

(ख) उपभोग

(ग) लगानी

(घ) प्रतिव्यक्ति आय

(ङ) सार्वजनिक वित्त

**३. स्थानीय वित्त (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्त सम्मको विवरण)**

**(१) स्थानीय आयः**

(क) चैत्र मसान्तसम्मको स्थानीय आयको अवस्था

(ख) गत विगतको स्थानीय आयको रकम,

(ग) सम्पत्ति कर

(घ) व्यवसाय कर

(ङ) ढुंगा गिट्टी बालुवा

(च) कवाडी कर

(छ) मनोरञ्जन कर

(ज) विज्ञापन कर

(झ) मालपोत आय

(ञ) घर जग्गा रजिष्ट्रेसन शुल्क

(ट) नक्सा पास दस्तुर

(ठ) हाट बजार ठेक्का आय

(ड) सिफारिस शुल्क

(ढ) विविध आय

(ण) स्थानीय आय व्यवस्थापनमा चुनौतीहरू आदि उल्लेख गर्ने

**(२) अन्तर सरकारी वित्तीय हस्तान्तरण (गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको चैत मसान्त सम्मको विवरण)**

(क) वित्तीय समानीकरण अनुदान

(ख) राजस्व बाँडफाँट

(ग) विशेष अनुदान

(घ) समपूरक अनुदान

(ङ) रोयल्टी बाँडफाँट

(च) सशर्त अनुदान

(छ) प्रदेशबाट प्राप्त वित्तीय हस्तान्तरण

**(३) स्थानीय ऋणको अवस्था**

**(४) स्थानीय खर्च**

(क) चालु खर्च

(ख) पूँजीगत खर्च

(ग) स्थानीय खर्चका चुनौतीहरू

**४. आर्थिक विकास (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्त सम्मको विवरण)**

(१) स्थानीय सडक निर्माणको अवस्था

(२) सिंचाईको अवस्था

(३) वित्तीय क्षेत्रः बैंक तथा वित्तीय संस्थाहरू

(४) लघु घरेलु साना उद्योगको संख्या

(५) औद्योगिक ग्राम

(६) सीप विकास सम्बन्धी विवरण

(७) श्रम तथा रोजगारी सम्बन्धी विवरण

(८) व्यवसाय दर्ता विवरण

(९) वाणिज्य र बजार अनुगमन

(१०) कृषि उत्पादन

(११) बजार केन्द्रहरू

(१२) पर्यटन सम्बन्धी

क. पर्यटन आवागमन

ख. होटेल, रिसोर्ट, होम स्टे

ग. अन्य विवरण

(१३) उर्जा र विद्युतीकरण

(१४) स्थानीय आर्थिक विकास सूचकको लेखाजोखा (कार्यक्रम लागु भएपछि)

(१५) उत्पादनमूलक सहकारी

(१६) व्यापार सम्बन्धी

(१७) वैदेशिक रोजगारी सम्बन्धी (उपलब्ध भएमा)

(१८) आर्थिक क्षेत्रका चुनौतीहरू

**५. सामाजिक विकास (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्त सम्मको विवरण)**

(१) स्वास्थ्य

क. स्वास्थ्य सम्बन्धी आधारभूत सूचक

ख. प्राथमिक स्वास्थ्य केन्द्र

ग. स्वास्थ्य बीमा

(२) खानेपानी र सरसफाइ

क. खानेपानी

ख. सरसफाइ

ग. फोहोरमैला व्यवस्थापन

(३) युवा तथा खेलकुद

(४) पोषण सम्बन्धी

(५) महिला, बालबालिका र जेष्ठ नागरिक

(६) व्यक्तिगत घटना दर्ता

(७) राष्ट्रिय परिचय पत्र

(८) सामाजिक सुरक्षा

(९) बालमैत्री स्थानीय शासन

(१०) टोल विकास संस्थाको विवरण

(११) शिक्षा

क. शिक्षाका आधारभूत सूचकहरू

ख. प्रारम्भिक बाल बिकास

ग. विद्यालय, विद्यार्थी र शिक्षकको अनुपात

घ. शिक्षक विवरण

ङ. विद्यार्थी विवरण

च. विद्यार्थी भर्नादर

छ. माध्यमिक शिक्षा परीक्षाको नतिजा

**६. वातावरण तथा विपद व्यवस्थापन (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्त सम्मको विवरण)**

(१) फोहोर मैला व्यवस्थापन

(२) वातावरण मैत्री स्थानीय शासन

(३) विपद व्यवस्थापन

(४) हरियाली संरक्षण

(५) वातावरण संरक्षण

(६) अग्नि नियन्त्रण

**७. सुशासन तथा संस्थागत विकास (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्त सम्मको विवरण)**

(१) वडा कार्यालय

(२) स्थानीय तहको जनशक्ति विवरण

(३) स्थानीय तह संस्थागत स्वमूल्याङ्कन नतिजा

(४) वित्तीय सुशासनः आन्तरिक नियन्त्रण, बेरुजु र वित्तीय अनुशासन र वित्तीय सुशासन लेखाजोखा

(५) सामाजिक परीक्षण, जाँचपास तथा फरफारक

(६) स्थानीय ऐन तथा कानूनहरूको विवरण

(७) स्थानीय प्रकाशनको विवरण

**८. अनुसूचीहरु (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्त सम्मको विवरण)**

(१) आर्थिक वर्ष २०७४/७५ देखिको स्थानीय आन्तरिक आय

(२) आर्थिक वर्ष २०७४/७५ देखिको स्थानीय खर्च विवरण

(३) आर्थिक वर्ष २०७४/७५ देखिको संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण

(४) आर्थिक वर्ष २०७४/७५ देखिको प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण

(५) आर्थिक वर्ष २०७४/७५ देखिको विद्यार्थी भर्ना दर

(६) आर्थिक वर्ष २०७४/७५ देखिको व्यक्तिगत घटना दर्ताको अलग अलग विवरण

(७) आर्थिक वर्ष २०७४/७५ देखिको स्थानीय ऋणको अवस्था

(८) आर्थिक वर्ष २०७४/७५ देखिको कर्मचारीको तलब, भत्ता तथा सुविधा खर्च

(९) आर्थिक वर्ष २०७४/७५ देखिको जनप्रतिनिधिको तलब, भत्ता तथा सुविधा खर्च

(१०) आर्थिक वर्ष २०७४-७५ देखिको टोल विकास संस्थाको विवरण

**अनुसूची - ४**

**(दफा ८(४) सँग सम्बन्धित)**

**स्थानीय आर्थिक विकास मूल्याङ्कनका सूचक**

स्थानीय आर्थिक विकास मूल्यांकन कार्यविधि,२०७९ बमोजिमका सूचक।

## अनुसूची - ५
## (दफा १२(१) सँग सम्बन्धित)
## स्थानीय आर्थिक पूर्वाधारसंग सम्बन्धित परियोजनाहरू

१. स्थानीय औद्योगिक करिडोर स्थापना सम्बन्धी कार्यक्रम

२. औद्योगिक ग्राम स्थापना र निर्माण सम्बन्धी कार्यक्रम

३. हाट बजार स्थापना र यसको पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम

४. बजार केन्द्रको स्थापना, विकास एवम् विस्तार सम्बन्धी कार्यक्रम

५. सामुदायिक संस्थाले चलाउने सामुदायिक शित भन्डारण

६. सामुदायिक उपयोगको लागि यन्त्र उपकरण स्थापना र सञ्चालन

७. सामुदायिक गोदामघर, संकलन केन्द्र

८. सामुदायिक तथा सहकारी बिक्री कक्ष स्थापना

९. बजार केन्द्र रहेका स्थानमा आर्थिक विकासलाई योगदान गर्ने सामुदायिक तथा सार्वजनिक पूर्वाधार

१०. उत्पादन ढुवानी गर्ने स्थानीय रज्जु, रोपवे मार्ग

११. सहरी क्षेत्रमा क्लस्टर आधारमा विशेष व्यवसायिक जोन निर्माण ( कृषि सामानको जोन, हार्डवेयर जोन, अटोमोबाईल जोन आदि)

१२. विशिष्टीकृत वस्तु उत्पादन, बजारीकरण र ब्राण्डिङ् सम्बन्धी पूर्वाधार, यन्त्र, उपकरण आदि

१३. विशेष उत्पादनका औद्योगिक ग्राम सञ्चालन

१४. प्रर्तिस्पर्धी लाभको कृषि उत्पादनका लागि सतही सिंचाई योजना वा पोखरी निर्माण

१५. सामुदायिक औद्योगिक पूर्वाधार सम्बन्धी प्राविधिक समितिको सिफारिशमा स्थानीय निर्देशक समितिले निर्धारण गरेका अन्य कार्यक्रम

–

## अनुसूची - ६
## (दफा १४(च) सँग सम्बन्धित)
## आर्थिक सचेतना कक्षामा सहजीकरणका विषयहरू

१. वित्तीय साक्षरता
२. व्यक्तिको सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती विश्लेषण कार्यशाला
३. टोल, समुदाय, संस्थाको दुर्वल पक्ष, अवसर र चुनौती विश्लेषण कार्यशाला
४. वडाको दुर्वल पक्ष, अवसर र चुनौती विश्लेषण कार्यशाला
५. गाउँ नगरको दुर्वल पक्ष, अवसर र चुनौती विश्लेषण कार्यशाला
६. आर्थिक स्रोतको नक्साङ्कन
७. सम्पन्नता स्तरीकरण
८. स्थानीय आर्थिक अवस्थाको पहिचान
९. आर्थिक सेवा सुविधामाथि पहुँचको विश्लेषण नक्साङ्कन (Access Mapping)
१०. ऋण तथा बचत परिचालन सम्बन्धी
११. कर्जा लिने तरिकाहरू
१२. सीपको नक्सांकन र सम्भावना
१३. वस्तु तथा सेवा उत्पादनको सम्भावना
१४. गाउँ नगरमा उपलब्ध रोजागारको अवसर र सम्भावना
१५. बजार विकास
१६. सफल कथाहरू
१७. आर्थिक हिंडाई (Economic Walk)
१८. व्यवसाय, लघु घरेलु उद्योग दर्ताको प्रक्रियाहरू
१९. उद्यम विकास योजना निर्माण
२०. आर्थिक जोखिम विश्लेषण र यसको नियन्त्रण
२१. स्थानीय आर्थिक विकास कार्यक्रमको परिचय
२२. प्रर्तिस्पर्धि लाभको क्षेत्रहरु
२३. मुल्य श्रृखला सम्वन्धी विषयहरु
२४. गरिवीका अन्तरनिहीत कारणहरू

## अनुसूची - ७
## (दफा १५(२) र १९(२) सँग सम्बन्धित)
## आर्थिक सशक्तीकरण तथा व्यावसाय विकास सम्बन्धी सम्भाव्य परियोजना सूची

१. तरकारी उत्पादन,

२. बीउ बिजन उत्पादन,

३. खाद्य वस्तु उत्पादन

४. पुष्प तथा बागबानी खेती

५. च्याउ उत्पादन

६. जडीबुटि उत्पादन

७. कपास, उन, रेशम उत्पादन

८. भेडा, च्याङग्रा, चौरी लगायतका पशु पालन

९. मत्यस्यपालन माछाभूरा उत्पादन

१०. जौ, फापर, सिलामको उत्पादन,

११. प्राङ्गरिक र जैविक मल उत्पादन,

१२. होमस्टे

१३. विशेष बस्तु उत्पादन (निच प्रोडक्ट)

१४. उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, अल्लो, लोक्ता आदिको खेती,

१५. व्यावसायिक रुपले गरिएको मौरीपालन (मौरी प्रजनन, मह उत्पादन,

१६. मासुजन्य पशुपंक्षी पालन,

१७. दुधजन्य उत्पादनकालागि पशुपालन,

१८. आधुनिक हलो, कुटो, कोदालो, कोदाली, हँसिया, खुर्पा, खन्ती, आदि घरेलु कृषिजन्य उपकरणको उत्पादन

१९. नर्सरी स्थापना र विकास

२०. परम्परागत उत्पादन (खुकुरी, ठेकी, करुवा, दुना टपरी, धातुका भाँडाकुँडा)

२१. नगदे बालीको उत्पादन (अदुवा, तोरी, बेसार, अलैंची, चिया, कफि, बेसार, आदि)

२२. फलफूल उत्पादन (सुन्तला, केरा, कागती, लिचि, स्याउ, ओखर एभोकाडो, आदि)

२३. **स्वास्थ्य सम्बन्धी सेवा व्यवसायहरुः** स्वास्थ्य परीक्षण प्रयोगशाला, प्राकृतिक तथा आयुर्वेद चिकित्सा केन्द्र आदि सञ्चालन, शिशु स्याहार केन्द्र,

२४. **पशुपक्षी सम्बन्धी चिकित्सा व्यवसायहरुः** पशु चिकित्सा सम्बन्धी स्वास्थ्य परीक्षण तथा औषधी पसल, पशु आहारा खरिद बिक्री आदि ।

२५. कृषि एवं औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुऱ्याउने सेवा व्यवसायहरुः कृषि सामग्री बेचबिखन, कृषि उपज वेचविखन, औद्योगिक कच्चा पदार्थको खरिद बिक्री आदि ।

२६. सामुदायिक रुपमा सञ्चालन हुने पर्यटन सम्बन्धी व्यवसायहरु जस्तै होटेल, **मोटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग, ऱ्याफटिङ्ग आदि ।**

२७. **यातायात** सेवा सम्बन्धी व्यवसायहरूः रिक्सा, ठेलागाडा, एक्का (घोडासहित)

२८. मर्मतशाला (टेम्पो, बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्यूटर, टि.भी., टेलिफोन, घडी आदि),

२९. मिथिला कला,थाङ्का चित्र

३०. स्थानीय उत्पादनको व्यावसायिक स्टोर

३१. स्थानीय फलफुल,सागसब्जी,मासु पसल

३२. कृषि तथा पशुपन्छी सम्वन्धी व्यवसाय

३३. मत्स्यपालन,मौरीपालन सम्वन्धी व्यवसाय

३४. अन्य व्यवसाय -

- फिजियोथेरापी, दन्त उपचार सेवा, आँखा उपचार सेवा
- व्याट्री रिचार्ज
- खाद्यान्य, कुटानी पिसानी , पेलानी, प्याकिङ
- ड्राईक्लिनिङ सेवा
- बुटिक, सिलाई तथा बुनाइ
- घुम्ती खाद्य पसल
- कोसेली घर स्थापना
- अन्य

## अनुसूची - ८
## (दफा १९(५), २९(२) र ३५(४) सँग सम्बन्धित)

### प्रस्तावको ढाँचाः

१. **परियोजना/व्यवसाय/उद्यम संक्षिप्त परिचयः**

| | | |
|---|---|---|
| (क) | प्रस्तावक व्यक्ति वा संस्थाको नामः | |
| | प्रस्तावकको ठेगानाः | |
| | फोन नः | |
| | इमेल ठेगानाः | |
| | सम्पर्क व्यक्तिको ठेगानाः | |
| (ख) | संयुक्त प्रस्ताव भएमा साझेदारहरुको नाम | |
| | ठेगानाः | |
| | फोन नः | |
| | इमेल ठेगानाः | |
| | सम्पर्क व्यक्तिको ठेगानाः | |
| (ग) | समूहमा गर्ने कार्यक्रम भए समूह सदस्यहरुको नामावली | |

| | | |
|---|---|---|
| २. | प्रस्ताव पेश गरिएको मितिः | |
| ३. | आर्थिक सचेतना कक्षा / सीप विकास तालीम | लिएको / नलिएको |
| ४. | परियोजना संचालनको लागि आवश्यक सीप वा दक्षता | भए /नभएको |
| ५. | परियोजना संचालनको लागि अन्य निकायबाट अनुदान लिए /नलिएको<br>लिएको भएः सो सम्बन्धमा विस्तृत विवरण उल्लेख गर्नेः | |

६. परियोजना सम्वन्धी विस्तृत विवरण

| | |
|---|---|
| (१)परियोजना/व्यवसाय/उद्यमको नाम | |
| (२)पृष्ठभूमि | |
| (३)औचित्य | |

| | |
|---|---|
| (४)नवप्रबर्तनको पक्ष | |
| (५)कूल बजेट | |
| (६)रहने स्थान | |
| (७)मुख्य उदेश्य | |
| (८)अपेक्षित प्रतिफल | |
| (९) अपेक्षित उपलब्धि | |
| (१०) अपेक्षित प्रभाव | |
| (११) लाभग्राही | |
| (१२) उपलब्ध रोजगारी संख्या | |
| (१३) स्थानीय जनताले पाउने थप आय रकम | |
| (१४) स्थानीय सीप बृद्धिमा गर्ने योगदान | |
| (१५) स्थानीय उत्पादनमा थप गर्ने परिमाण | |
| (१६) उत्पादन हुने वस्तु वा सेवा | |
| (१७) आयातित वस्तु घटाउन योगदान | |
| (१८) स्थापना हुने उद्योग | |
| (१९) बाह्य श्रमिक घटाई स्थानीय श्रमिक उपलब्ध गराउन योगदान | |
| (२०) कार्यान्वयन गर्ने संयन्त्र | |
| (२१) अनुगमन तथा मूल्यांकन गर्ने संयन्त्र | |
| (२२) उत्पादित बस्तु सेवा निकासीको सम्भावना | |
| (२३) उत्पादित बस्तु सेवाको बजार पहुँच | |

७. परियोजनाको बजेट खर्चको बाँडफाँट

| उपकरणको खर्च | | | |
|---|---|---|---|
| विवरण(Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |

| | | | |
|---|---|---|---|
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| निर्माण खर्च (Construction Cost) | | | |
| विवरण(Description | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

८. परियोजनाको कार्यान्वयन तालिका (Project Implementation Schedule)

| क्रियाकलाप (Activities) | समय Time | जिम्मेवारी Responsibility | प्रतिफल (Output) |
|---|---|---|---|
| १. परियोजनाको सम्झौता | | | |
| २. सीपमूलक तालिमको आवश्यक पर्ने कार्य भए तालिम मिति | | | |
| ३. कार्यक्रममा उपकरण आवश्यक भए सो जडान हुने मिति | | | |
| ४. सार्वजनिक परीक्षण (Public Audit) | | | |

९. परियोजना कार्यान्वयन कार्ययोजनाको समयबद्ध प्रतिफल/प्रगति मापनका सूचक

| सि.नं. | प्रतिफल/प्रगति मापनको सूचक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | वार्षिक सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. आयोजना जोखिमको लेखाजोखा

| सम्भावित जोखिम | जोखिमबाट आउन सक्ने परिणाम | जोखिम न्यूनीकरणको उपाय |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

परियोजना प्रस्तावकको नामः

दस्तखतः

मितिः

सामूहिक प्रस्ताव भए समूहका सदस्यको नाम र समूहको टोली नेताः

संलग्न कागजातहरु

१.

२.

३.

४.

## अनुसूची- ९

## (दफा १९(७), २९(५) र ३५(५) सँग सम्वन्धित)

**प्रस्ताव मूल्याङ्कनका आधारहरु**

| क्र.स. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रस्तावको नवप्रवर्तन | १० | १. अत्यन्तै नवप्रवर्तनकारी प्रस्ताव (पूर्ण रुपमा नयाँ र हाल सम्म परीक्षण नगरिएको = १००%)<br>२. नवप्रवर्तनकारी (अन्य क्षेत्रमा समेत अनुकारणीय भएको = ८०%)<br>३. न्यून नवप्रवर्तनकारी (अन्य क्षेत्रमा यस अघि पनि सफलतापूर्वक परीक्षण गरिसकेको र नयाँ क्षेत्रमा विस्तार गर्न सकिने = ४०%<br>४. नवप्रवर्तनकारी नभएको = ० | | उद्देश्यसँग तालमेल मिल्ने |
| २ | प्रस्तावित आयोजनामा भौतिक पूर्वाधार क्षेत्रमा हुने खर्च | १० | १. ६०% भन्दा वढी = ०%<br>२. ५०% भन्दा वढी ६०% सम्म= ४०%<br>३. ४०% भन्दा वढी ५०% सम्म= ६०%<br>४. ३०% भन्दा वढी ४०% सम्म= ८०%<br>५. ३०% भन्दा कम = १००% | | |
| ३ | आयोजनामा प्रविधिको प्रयोगमा हुने खर्च | १० | १. प्रविधिमा आधारित भई ७५% भन्दा बढि मुल्य अभिबृद्धि(Value Add) हुने भएमा १००%<br>२. ५०% भन्दा वढी ७५% सम्म= ८०%<br>४. ३०% भन्दा वढी ५०% सम्म= ६०%<br>५. ३०% भन्दा कम = १०% | | |
| ४ | स्थानीय तहको रोजगारीमा योगदान | १० | १. १५ जना भन्दा वढी रोजगारी सिर्जना हुने भएमा १००%<br>२. १० जना भन्दा वढी २० जना सम्म रोजगारी सिर्जना हुने भएमा ८०%<br>३. ५ जना भन्दा वढी १५ जना सम्म रोजगारी सिर्जना हुने भएमा ७०%<br>४. ५ जना भन्दा कम रोजगारी सिर्जना हुने भएमा ५०% | | |
| ५ | प्रतिस्पर्धी लाभको क्षेत्रको प्राथमिकता | १० | १. पहिलो प्रथामिकतामा परेका योजना १००%<br>२. दोस्रो प्रथामिकतामा परेका योजना ८०%<br>३. तेस्रो प्रथामिकतामा परेका योजना ७०% | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ४. चौथो प्रथामिकतामा परेका योजना ५०% | | |
| ६ | संयुक्त/संस्थागत रुपमा प्रस्ताव गरेको | ५ | १. सहकारी/संघ संस्थाले पेश गरेको १००%<br>२. व्यवासायिक संस्थाले पेश गरेको ८०%<br>३. समूहले पेश गरेको ७०%<br>४. व्यक्ति/नयाँ उद्यमीले पेश गरेको ५०% | | |
| ७ | उत्पादित वस्तु/सेवा विक्री | १० | १. उत्पादित वस्तु/सेवा सबै निकासी वा बिक्री हुने १००%<br>२. उत्पादनको आधा निकासी हुने ८०%<br>३. स्थानीय तह भित्र विक्री केन्द्र/ outlet रहेको ६०%<br>४. स्थानीय बजार केन्द्र/हाट वजारमा विक्री हुने ५०% | | |
| ८ | औद्योगिक ग्राम वा क्लष्टर वा कोरिडोरमा संचालन | ५ | १. पूर्ण रुपमा औद्योगिक ग्राममा संचालन हुने भएमा १००%<br>२. औद्योगिक ग्राममा plant मात्र राख्ने भएमा ८०%<br>३. औद्योगिक ग्राम/तोकिएको स्थान भन्दा वाहिर राख्ने भएमा ५०% | | |
| ९ | स्थानीय कच्चा पदार्थ प्रयोग | १० | १. स्थानीय कच्चा पदार्थ मात्र उपयोग हुने १0%<br>२. स्थानीय कच्चा पदार्थ ५०% भन्दा वढी उपयोग हुने ८०%<br>३. सवै कच्चा पदार्थ अन्य स्थानीय तहवाट ल्याउने ७०%<br>४. कच्चा पदार्थ अन्तराष्ट्रिय स्तरवाट ल्याउने ५०% | | |
| १० | परियोजना सम्वन्धी Skill/ Training र सो सम्वन्धी अनुभव | १० | १. प्रमाणपत्र सहित अनुभव पेश गरेको १००%<br>२. तालिम/सीप लिएको प्रमाणपत्र संलग्न गरेको ५०%<br>३. अनुभव मात्र भएको भएको ५०% | | |
| ११ | मूल्य श्रृंखला सहित व्यावसायिक योजना भएको | ५ | १. विश्वसनीय व्यावसायिक योजना भएको (विक्री समेत) १००%<br>२. मूल्य श्रृंखला वाहेकको व्यवसायिक योजना भएको ७०%<br>३. स्थानीय खपतको व्यवसायिक योजना ५०% | | |
| १२ | आर्थिक तथा सामजिक | ५ | प्रस्तावक आर्थिक तथा सामजिक रुपमा सीमान्तकृत वर्गको भएमा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | रुपमा सीमान्तकृतवर्ग | | | | |

**<u>नोटः स्थानीय तह वा सरकारी निकायवाट सोहि प्रयोजनका लागि यस भन्दा अगाडि अनुदान लिएको भए अनुदानको लागि योग्य नहुने।</u>**

# अनुसूची - १०

## (दफा २२(ख) सँग सम्बन्धित)

## सीप विकास सम्बन्धी तालीमका सम्भाव्य विषयहरु

| | |
|---|---|
| १. प्लम्बिङ | १८. कपाल काट्ने |
| २. हाउस वाइरिङ | १९. मिथिला कला निर्माण |
| ३. विद्युतीकरण | २०. थाङ्का चित्र बनाउने |
| ४. वेल्डिङ | २१. गलैंचा बुनाई |
| ५. भवन निर्माण | २२. ढाका कपडा बुनाई |
| ६. भवनको रंगरोगन | २३. हाते कागज निर्माण |
| ७. टायल लगाउने | २४. पाउरोटी बनाउने |
| ८. ढुङ्गा छपाई | २५. होटल सम्बन्धी |
| ९. र्‍याप्टिङ | २६. पर्यटन सम्बन्धी |
| १०. हेभी ईक्वीपमेन्ट/सवारी चालक | २७. घडी, रडियो तथा मोबाईल मर्मत |
| ११. सवारी साधन मर्मत | २८. सिकर्मी, डकर्मी |
| १२. फर्निचर निर्माण | २९. मैन बत्ती बनाउने |
| १३. पशु उपचार/प्राविधिक | ३०. स्थानीय प्रतिस्पर्धी लाभको क्षेत्र अन्तर्गतका अन्य सीपहरु |
| १४. कब्बल सडक निर्माण | |
| १५. साधारण थेरापी | ३१. प्राविधिक समितिको सिफारिशमा निर्देशक समितिले निर्धारण गरेका CTEVT ले मान्यता दिएका अन्य सीपमूलक तालिमहरु |
| १६. साईकल तथा मोटरसाईकल मर्मत | |
| १७. पुष्प व्यवसाय | |

## अनुसूची - ११
## ( दफा २२(घ) सँग सम्बन्धित)
## सीपको सर्वेक्षण फाराम

| सीपको नाम | स्थानीय जनशक्ति | बाह्य जनशक्ति | आवश्यक संख्या |
|---|---|---|---|
| १. घर बनाउने मिस्त्री | | | |
| २. काठको काम गर्ने मिस्त्री | | | |
| ३. घरको रंग लगाने मिस्त्री | | | |
| ४. धाराको पाईप जोड्ने मिस्त्री | | | |
| ५. घरमा बिजुलि जडान गर्ने मिस्त्री | | | |
| ६. घरमा टाईल लगाउन मिस्त्री | | | |
| ७. बाटोमा ढुङ्गा छाप्न जान्ने मिस्त्री | | | |
| ८. फलामे ग्रिलको काम गर्न जान्ने मिस्त्री | | | |
| ९. मोबाइल मर्मत गर्न जान्ने मानिस | | | |
| १०. मोटरसाइकल मर्मत गर्न जान्ने मानिस | | | |
| ११. मोटर मर्मत गर्न जान्ने मानिस | | | |
| १२. साइकल मर्मत गर्न जान्ने मानिस | | | |
| १३. पशुको सामान्य उपचार गर्न जान्ने मानिस | | | |
| १४. घरको छाना लगाउन जान्ने मानिस | | | |
| १५. फिजियोथेरापीको तालिम लिएको मानिस | | | |
| १६. डोजर चालक | | | |
| १७. रेष्टुरेन्ट वा होटेलमा कुक | | | |
| १८. अन्य | | | |

## अनुसूची - १२

## (दफा २३(क) सँग सम्बन्धित)

## सीप विकास सम्बन्धी आवेदनको ढाँचा

| | |
|---|---|
| १. आवेदकको नाम र ठेगाना | |
| २. सिक्न खोजेको सीप | |
| ३. सीप सिक्न लाग्ने समय | |
| ४. सीप सिक्नुको उद्देश्य | |
| ५. सीप सिकेपछि गर्ने प्रस्तावित काम | |
| ६. प्रस्तावित सीपमा यस अघिको अनुभव | |
| ७. आवेदकको शैक्षिक योग्यता | |
| ८. आवेदकले यस अघि सिकेका सीप र अवधि | |
| ९. आवेदककले यस अघि गरेका कामहरू | |
| १०. सीपले स्थानीय व्यापार व्यावसाय र उद्यमशीलतामा गर्न सक्ने योगदान | |
| ११. सीप सिकेपछि स्थानीय क्षेत्रमा पाउने रोगारीको सम्भावना | |
| १२. सीपले नवप्रवर्तनमा गर्ने योगदान | |
| १३. सीपले बाह्य श्रमिक माथिको निर्भरता घटाउन गर्ने योगदान | |
| १४. सीपले स्वरोजगारीमा तथा रोजगारीमा गर्ने योगदान | |
| १५. सीपको सेवा प्रदायकको उपलब्धता | |

माथि लेखिएको व्यहोरा ठीक साँचो हो । फरक पर्ने छैन भनी प्रतिवद्धता व्यक्त गर्दछु ।

दस्तखतः

मितिः

**अनुसूची - १३**

**(दफा २३(ख) सँग सम्बन्धित)**

**सीप विकास तालिमको आवेदन मूल्याङ्कनका आधारहरू**

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | आवदेकको समूह | १० | १. आर्थिक तथा सामाजिक रुपमा सीमान्तकृत वर्ग/महिला वा दलित वा लोपोन्मुख समूह,१०० %<br>२. उल्लिखित बाहेकको व्यक्ति ५० % | | |
| २. | तालिम प्राप्त व्याक्तिले स्थानीय तहमै रोजगारी पाउने सम्भावना | २० | १. तालिम प्राप्त व्याक्तिले स्थानीय तहमै रोजगारी पाउने सम्भावना -१००%<br>२. तालिम प्राप्त व्याक्तिले स्थानीय तहमै रोजगारी पाउने सम्भावना नभएको-५०% | | |
| ३. | बाह्य श्रमिक माथिको निर्भरता | २० | १. बाह्य श्रमिक माथिको निर्भरता घटाउने सम्भावना भएको १००%<br>२. बाह्य श्रमिक माथिको निर्भरता घटाउने सम्भावना नभएको ५०% | | |
| ४. | सीपले स्वरोजगार सिर्जना | २० | १. सीप सिकेपछि स्वरोजगार/ रोजगारको सम्भावनाः १००%<br>२. सीप सिकेपछि स्वरोजगार/रोजगार पाउने सम्भावनाः नभएको ५०% | | |
| ५. | सीप सिक्नेले नयाँ उद्यम खोल्ने प्रतिवद्धता | २० | नयाँ उद्यम खोल्ने प्रतिवद्धता भएको — १०० %<br>नयाँ उद्यम खोल्ने प्रतिवद्धता नभएको — ५० % | | |
| ६. | स्थानीय उत्पादन बढाउन सीपको प्रयोग हुने | १० | सीप सिकेपछि आन्तरिक उत्पादन बढाउने गरी प्रयोग हुने— १०० %<br>सीप सिकेपछि आन्तरिक उत्पादन बढाउने गरी प्रयोग नहुने— ५० % | | |

**अनूसुची - १४**

**(दफा २९(१) सँग सम्बन्धित)**

**उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन सम्बन्धी सम्भाव्य परियोजना सूची**

१. हाते एवं खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाई, छपाई, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, वेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण कार्य

२. तरकारी उत्पादन र प्रशोधन

३. बीउ बिजन उत्पादन र प्रशोधन

४. खाद्य वस्तु प्रशोधन

५. पुष्प व्यवसाय

६. च्याउ उत्पादन र प्रशोधन

७. जडीबुटी उत्पादन र प्रशोधन

८. कपास, उन, रेशम खेती उत्पादन र प्रशोधन

९. भेडा, च्याङग्रा, चौरी लगायतका उनको उत्पादन र प्रशोधन

१०. माछाभूरा उत्पादन, मत्स्य उत्पादन र प्रशोधन

११. खाद्यान्न उत्पादन, प्रशोधन र भण्डारन

१२. प्राङ्गरिक र जैविक मल उत्पादन

१३. पशुपन्छीजन्य दाना उद्योग

१४. विशेष बस्तु उत्पादन (निच प्रोडक्ट) र प्रशोधन

१५. उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, अल्लो, लोक्ता खेती तथा यिनको प्रशोधन

१६. रेशम धागो उत्पादन र प्रशोधन

१७. मासु एवम् अण्डाको उत्पादन

१८. डेरी उद्योग - दुध उत्पादन र प्रशोधन

१९. कृषि औजार उत्पादन - थ्रेसर, ग्राइण्डर, आधुनिक हलो, कुटो, कोदालो, कोदाली, हँसिया, खुर्पा, खन्ती, टयाक्टर, टेलर आदि कृषि उपकरणको उत्पादन

२०. नगदे बाली तथा प्रशोधन (अदुवा, तोरी, बेसार, अलैंची, चिया, कफि, बेसार, आदि)

२१. व्यवसायिक फलफूल खेती तथा उत्पादित फलफूलको प्रशोधन (सुन्तला, केरा, कागती, लिचि, स्याउ, ओखर एभोकाडो, आदि)

२२. हाते कागज उत्पादन, सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुजन्य कार्य, गहना एवं मूर्ति बनाउने कार्य, मह, च्यूरी, अलैंची एवं चिया प्रशोधन कार्य, सेरामिक्स एवं कुमालेको पेशागत कार्य

२३. छाला सम्बन्धी पेशागत कार्य र ट्यानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुङ्गाबाट तयार हुने वस्तुहरुको उत्पादन, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना र प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषा गरेका सम्पूर्ण उद्योगहरु ,राडी, पाखी, ऊनी गलैंचा आदि ।

२४. स्थानीय कच्चा पदार्थ उपयोग गरी सञ्चालित ईटा उद्योग

२५. उत्पादनमूलक उद्योग (प्लाईउड, ह्यूमपाईप, ग्रिल, ब्लक, कागज, काठ, ईटा, प्लास्टिक आदि)

२६. कृषिमा आधारित उद्योग ( चामल मिल, बिस्कुट,बेकरी, पोल्ट्रि, शित भण्डार, दाना आदि)

२७. सफ्टवेयर उद्योग

२८. छापाखाना तथा छपाई सम्बन्धी उद्योग

२९. स्थानीय उत्पादनको ब्राण्डिङ, प्याकेजिङ

३०. **पर्यटन उद्योग**

क. सामुदायिक होटेल, रिसोर्ट, रेष्टुरा

ख. गल्फ कोर्ष, पोलो, अन्य खेलकुद

ग. प्यारागलाईडिङ, बञ्जीजम्पिङ आदि

घ. मसाज स्पा

ङ. वाटर पार्क

च. र्‍याफ्टीङ

३१. **विशेष उद्योगहरू**

क. पस्मिना उद्योग

ख. ढाका उद्योग

ग. काँसको थाल तथा कचौरा

घ. कफी

ङ. खुकरी

च. मह

छ. तोरीको तेल

ज. राडीपाखी

झ. अल्लो

ञ. उनी गलैंचा

ट. काष्टकलाका बस्तु

ठ. मुर्तिकलाका बस्तु

ड. ढुंगाका टायल

ढ. मार्सी, अनादी, जेठोबूढो, कालानमक धानको प्याकेजिङ र ब्राण्डिङ

३२. **विविध**

क. मास्क उद्योग

ख. कागज उद्योग

ग. पाउरोटी उद्योग

घ. टायल ,ब्लक उद्योग

ङ. फर्निचर उद्योग

च. जुत्ता उद्योग

छ. स्टिल फर्निचर उद्योग

ज. ग्रिल उद्योग

## अनुसूची - १५

(दफा ३४ (७) सँग सम्बन्धित)

**सम्भाव्य विशिष्टीकृत वस्तुको सूची**

| |
|---|
| १. नेपाली ढाका-पाल्पाली, पूर्वेली आदि |
| २. चरेसको थाल र कचौरा |
| ३. गुल्मेली कफी |
| ४. जुम्लाको मार्सी धान |
| ५. खुकुरी |
| ६. तोरीको तेल |
| ७. राडीपाखी |
| ८. अल्लो |
| ९. काष्टकलाको वस्तु |
| १०. मूर्तीकलाको वस्तु |
| ११. ढूङ्गाको टायल |
| १२. थाङ्का चित्र |
| १३. मिथिला कला |
| १४. स्थानीय प्रतिस्पर्धी लाभको क्षेत्र अन्तर्गतका अन्य विशिष्टीकृत बस्तुहरु |

## अनुसूची - १६
## (कार्यविधिको दफा ५७ को उपदफा (५) सँग सम्बन्धित)

### स्थानीय आर्थिक विकास शाखा

**स्थानीय आर्थिक विकास शाखा वा सो सम्वन्धी कार्य गर्न तोकिएको शाखाका काम कर्तव्य र जिम्मेवारी**

१. आर्थिक सशक्तीकरण सम्बन्धी कार्यहरू
२. सीप विकास सम्बन्धी कार्यहरू
३. स्थानीय आर्थिक पूर्वाधार निर्माण सम्बन्धी कार्यहरू
४. विशिष्टिकृत वस्तु उत्पादन सम्बन्धी कार्यहरू
५. मूल्य शृङ्खला बृद्धि सम्बन्धी कार्यहरू
६. उद्योग विकास सम्बन्धी कार्यहरू
७. उद्यमशीलता विकास सम्बन्धी कार्यहरू
८. एक स्थानीय तह एक उत्पादन सम्बन्धी कार्यहरू
९. जीविकोपार्जन सुधार सम्बन्धी कार्यहरु
१०. औद्योगिक तथ्याङ्क सम्बन्धी कार्यहरू
११. आर्थिक सामाजिक परिचालन सम्बन्धी कार्यहरू
१२. सार्वजनिक निजी प्रवर्द्धन सम्बन्धी कार्यहरू
१३. लगानी प्रवर्धन सम्बन्धी कार्यहरू
१४. स्थानीय बौद्धिक सम्पत्ती सम्बन्धी कार्यहरू
१५. स्थानीय आर्थिक विकास सूचकाङ्क सम्बन्धी कार्यहरू
१६. स्थानीय रोजगारी सृजना सम्बन्धी कार्यहरू
१७. औद्योगिक सहजीकरण सम्बन्धी कार्यहरू
१८. स्थानीय उत्पादन बृद्धि र औद्योगिक उत्पादकत्व बृद्धि सम्बन्धी कार्यहरू
१९. स्थानीय बौद्धिक सम्पत्तीको संरक्षण सम्बन्धी कार्यहरू
२०. बजार प्रवर्द्धन सम्बन्धी कार्यहरू
२१. औद्योगिक प्रविधि प्रवर्द्धन सम्बन्धी कार्यहरू
२२. व्यवसाय सर्वेक्षण सम्बन्धी कार्यहरू
२३. स्थानीय उत्पादनको निर्यातमा सहजीकरण
२४. लघु घरेलु साना उद्योगको प्रवर्द्धन

२५. वित्तीय साक्षरता सम्बन्धी कार्यहरु

२६. आर्थिक सचेतना केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी कार्यहरू

२७. साझा सुविधा केन्द्रको स्थापना सम्बन्धी कार्यहरू

२८. स्थानीय आर्थिक विकाससँग सम्बन्धित अन्य कार्यहरू

**अनुसूची -१७**

**(दफा ५९ सँग सम्बन्धित)**

**सम्झौतापत्रको ढाँचा**

………….......................... गाउँ/नगरपालिका र ……………………….......... कार्यक्रम/परियोजना सञ्चालक श्री ……………………………… बीच भएको सम्झौतापत्र

१. **पृष्ठभूमिः**

नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम …………………………… कार्यक्रम/परियोजना सञ्चालन गर्नका लागि प्रतिस्पर्धामा उत्कृष्ट हुनुभएकोले यस नगर/गाउपालिकाको निर्णयानुसार रु. . . . . . . आर्थिक अनुदान सहयोगमा तपसिलका उद्देश्य एवम् शर्त र व्यवस्थाका आधारमा कार्य गर्नका लागि दुवै पक्षको सहमति भई स्थानीय उद्योग वाणिज्य संघ/टोल विकास संस्था/सहकारी संस्थाको उपस्थितिमा ...................गाउँ/नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र कार्यक्रम वा परियोजनाका प्रस्तावक (यसपछि दोस्रो पक्ष भनिने) ............................(बस्ती/टोल/गाउँको नाम) वडा नं ...... निवासी..................................को नाति ....................... को छोरा श्री ........... ............................... बीच यो सम्झौतामा हस्ताक्षर गरी लियौं/दियौं ।

२. **कार्यक्रम वा परियोजनाको उद्देश्यः**

……………………………………………………………………………………………………………………

……………………………………………………………………………………………

३. **शर्त तथा व्यवस्था**

क. परियोजना वा कार्यक्रमको कुल लागत रु.............................. रहनेछ ।

ख. ……………………… कार्यक्रम/परियोजनाको लागि यस ………………….. गाउँ/नगरपालिकाको अनुदान सहयोग रु……………….. (अक्षेरेपी ………………………………………) उपलब्ध गराइनेछ ।

ग. परियोजना सञ्चालनका लागि लागत सहभागिता स्वरुप रु……………. (अक्षेरेपी………………………………………) दोस्रो पक्षले व्यहोर्नुपर्नेछ ।

घ. कार्यक्रम वा परियोजना सञ्चालन गर्दा सकेसम्म नवप्रवर्तन, खोज वा अनुसन्धानलाई ध्यान दिनुपर्नेछ ।

ङ. कार्यक्रम वा परियोजनाको कार्यान्वयन गर्दा नयाँ तौरतरिका वा पद्धतिमा लगानी बढाई उत्पादन अभिवृद्धि गर्नुपर्नेछ ।

च. परियोजना कार्यान्वयनमा नयाँ प्रविधिको उपयोगलाई प्राथमिकता दिनुपर्नेछ ।

छ. उपलब्ध गराइएको रकम स्वीकृत प्रस्तावमा तोकिएको कार्यक्रम वा परियोजनामा र सोको सम्बन्धित शीर्षकमा बाहेक अन्यत्र लगानी गर्न पाइने छैन । त्यस्तो पाइएमा गाउँ/नगरपालिकाको प्रचलित कानूनी व्यवस्था अनुसार कारवाही हुनेछ ।

४. **सम्झौताको समयावधिः**

यस सम्झौताको कार्यान्वयन अवधि सम्झौता भएको मितिबाट शुरु हुनेछ । चालु आर्थिक वर्षभित्र कार्य सम्पादन गरी सक्नु पर्नेछ।

५. **दोस्रो पक्षको जिम्मेवारी**

क. कार्यक्रम सञ्चालन गर्दा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि र स्वीकृत परियोजना प्रस्ताव बमोजिम गर्नु पर्ने।

ख. कार्यक्रमको प्रगति मासिक रुपमा वा तोकिएको अवधिभित्र प्रथम पक्ष वा तोकिएको निकायमा पेश गर्ने ।

ग. कार्यक्रम वा परियोजनाको कुनै निकायबाट निरीक्षण वा अनुगमन तथा मूल्यांकन हुँदाका बखत पूर्णरुपमा सहयोग गर्ने।

घ. कार्यक्रमबाट अनुदान प्राप्त गरेको क्षेत्रमा कम्तिमा ३ बर्ष सम्म निरन्तर परियोजना संचालन गर्नु पर्ने।

६. **प्रथम पक्षको जिम्मेवारी**

क. स्वीकृत कार्यक्रम वा परियोजना कार्यान्वयनका लागि प्रस्तावकसँग सम्झौता गर्ने।

ख. सम्झौता बमोजिम आर्थिक अनुदान उपलब्ध गराई कार्यक्रम कार्यान्वयन गराउने।

ग. परियोजना वा कार्यक्रम सञ्चालनको समय समयमा अनुगमन गर्ने र प्रगतिका आधारमा अनुदान स्वरुपको रकम उपलब्ध गराउने।

घ. परियोजना वा कार्यक्रम सञ्चालनका लागि अन्य निकाय वा संघसंस्थाहरुसँग सहजीकरण र समन्वय गरिदिने ।

ङ. कुनै विशेष सीप वा विज्ञता आवश्यक पर्ने क्षेत्रमा नेपाल सरकार वा प्रदेश सरकारसँग समन्वय गर्ने ।

च. आवश्यकता अनुसार तालिम वा सीप विकासका कार्यक्रम सञ्चालन गर्ने ।

छ. परियोजना वा कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा अड्चन आइपरेमा सम्बद्ध पक्षहरुसँग छलफल वार्ता वा अन्तरक्रिया गरी समाधानमा सहयोग पुऱ्याउने ।

ज. परियोजना  वा कार्यक्रमको कार्यान्वयन प्रस्ताव अनुसार भए नभएको नियमित रुपमा अनुगमन गर्ने ।

झ. कार्यक्रम सञ्चालनबाट तोकिए बमोजिमको प्रतिफल प्राप्त गर्न आवश्यक सुझाव दिने ।

७. **अनुगमन तथा मुल्याङ्कन**

अनुदान प्रदान गरिएका परियोजना वा कार्यक्रमको नियमित अनुगमन तथा मूल्यांकन स्थानीय तहले गर्नेछ ।

सम्झौता गर्ने पक्षहरुः..............................................

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः | नामः |
| पदः | दस्तखतः |
| दस्तखतः | पदः |
| शाखाः | फर्म वा संस्थाको नामः |
| पालिकाको नामः | |

रोहबरः

नामः

दस्तखतः

संस्थाको नामः

संलग्नः  ............  प्रस्ताव र दस्तावेज ।